लेखापरीक्षण प्रतिवेदन

थलारा गाउँपालिका, बझाङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

थलारा गाउँपालिका, बझाङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/185

मिति : २०८३-१-२८

श्रीमान् अध्यक्षज्यू,
थलारा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, बझाङ।

बिषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/185

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्रीमान् अध्यक्षज्यू,

थलारा गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, बभ्काङ ।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तिय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तिय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय-व्ययतर्फ रू. १ अर्ब १३ करोड १७ लाख ९२ हजारको लेखापरीक्षणबाट रू.१ करोड ८८ लाख ३९ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रू. ६७ लाख ९३ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रू. १३ लाख ४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २४ लाख ६६ हजार र अनियमित भएको रू. ७८ लाख ८१ हजार र पेश्की बाँकी रु. ३ लाख ९५ हजार गरी जम्मा रु. १ करोड २० लाख ४६ हजार रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. १७ करोड ५८ लाख ६१ हजार मध्ये रु. ५३ लाख सम्परीक्षण भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रू. १८ करोड २६ लाख ७ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६८	१०४	१,८८,३८,८०९	०	६६	६७,९२,६९२	०	६८	३८	१,२०,४६,११७	१३,०४,४३४	७८,८०,४७६	२४,६६,२०७	०	०	१,०३,४६,६८३	३,९५,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बझाङ	१७,५८,६१,४९६	०	५३,००,१४३	१७,०५,६१,३५३	०	१,२०,४६,११७	१८,२६,०७,४७०

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम रु.
१	२०८१/८२	९०	सामाजिक सुरक्षा	१,८७,७५७
२	२०८१/८२	७१	सम्झौता अनुसार कार्य नभएको	२,००,०००
३	२०८१/८२	९४.२	सभाहल निर्माण	३,७५०
४	२०८१/८२	७५	विल पेश नभएको	१२,७१७
५	२०८१/८२	८३	वढी भुक्तानी	२५,६०९
६	२०८१/८२	९५.६	रतन बहुउदेश्यिय सहकारी संस्था अनुदान	८३७५,०००
७	२०८१/८२	८७	मालुमेला शिवालय पर्यटकीय पूर्वाधार निर्माण	१६,३५०
८	२०८१/८२	४८	बहुक्षेत्रीय पोषण	६,२५,०००

९	२०८१/८२	५१	प्रविधिक मूल्यांकन	१,११,३३७
१०	२०८१/८२	६०	प्रति विद्यार्थि लागत	१९,७५०
११	२०८१/८२	५३.३	पौराणिक देवी मन्दिरको भौतिक सुधार कार्य	२,७२,०००
१२	२०८१/८२	५८	पोशाक खर्च	१०,०००
१३	२०८१/८२	६३	पूर्वनिर्धारित क्षतिपूर्ति	१,२७,४९३
१४	२०८१/८२	६७	पारिश्रमिक कर	१७,२५०
१५	२०८१/८२	६८	पाईप प्रयोगको अवस्था नखुलेको	२,४५,७०७
१६	२०८१/८२	६५	नापी भन्दा बढी भुक्तानी	१९,०४०
१७	२०८१/८२	७४	नर्म्स भन्दा बढी प्रशिक्षक भत्ता	१९,०४०
१८	२०८१/८२	५९	थप पाठ्यपुस्तक वितरण	९९,७०१
१९	२०८१/८२	९२	तिखिला गैहा बुङ्गिजिऊला सिंचाई कुलो निर्माण	२८,७९,१२३
२०	२०८१/८२	८९.१	झनाना कुच डिख्ला कृषि सडक	९०,०००
२१	२०८१/८२	६४	जिन्सी दाखिला नभएको	४,३६,८९३
२२	२०८१/८२	५७	कार्यस्थल सुरक्षा सामाग्री खरीद	६,४०३
२३	२०८१/८२	६१.२	औषधी खरीद	४,६८,६१८
२४	२०८१/८२	८६.३	एम्वुलेन्स आम्दानी	१,११,६१२
२५	२०८१/८२	४७	आकस्मिक लाभ कर कट्टी नभएको	३७,५००
२६	२०८१/८२	८०	अनुगमन भत्ता	९,०००
२७	२०८१/८२	८२	अग्रिमकर	१६,१३४
२८	२०८१/८२	६२	ICT ल्याब व्यवस्थापन	६,४९,९०८
२९	२०८०/८१	४०	सिकाई सामाग्री	१,५००
३०	२०८०/८१	४८	संचितकोष फिर्ता	२६,४००
३१	२०८०/८१	२६	वाह्य व्यक्तिलाई अनुगमन भत्ता	८,४००
३२	२०८०/८१	५२.१	वडा नं ७ को प्रशासनिक भवन	२३,०८,५५५
३३	२०८०/८१	४१	पारिश्रमिक	७,०५,०००
३४	२०८०/८१	३९	छात्रवृत्ती	१,२००
३५	२०८०/८१	४७	करार पारीश्रमिक	९९,०००

३६	२०८०/८१	६५.२	आन्तरिक लेखापरीक्षणवाट कायम ब्यहोरा	२,०७०
३७	२०८०/८१	४५	अनुगमन भत्ता	२,५५०
३८	२०८०/८१	२४	कर्मचारी कल्याण कोष	२१,०१,५६८
३९	२०७९/८०	२२	वडाभित्रका योजना अनुगमन भता	१५,०००
४०	२०७९/८०	३२	प्रशिक्षक भता बढी भुक्तानी	२८,९००
जम्मा				१,२०,९२,८३५

थलारा गाउँपालिका, बझाङ

(८०७७०५०६३००)

थलारा गाउँपालिका , बझाङ

परिचय

१ **परीचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा १०५ वर्ग किलोमिटर क्षेत्रफल तथा १५९५८ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।५ देखि २०८२।५।८ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय-व्ययतर्फ रु.१,१३,१७,९२,६०७।५१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची - २ मा संलग्न छन् ।

२ **वित्तिय विवरण**

थलारा गाउँपालिकाको
आर्थिक वर्ष २०८१/०८२आर्थिक कारोबारको एकीकृत विवरण

प्राप्ति			भुक्तानी		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
सुरु मौज्दात		२२९२७४७९.४८	चालु खर्च		२९७५३५७६३.१
१. संचित कोष	१४५८३३७४.६९		१. पालिका तर्फ	११४६८७२४६.४२	
२.धरौटी	३८९०८७१.९९		२. संघीय सशर्त	१८२७२००१६.६८	
३.कार्यसञ्चालन कोष	४४५३२३२.८		३. संघीय विशेष		
४. अन्य कोष			४. प्रदेश सशर्त	१२८५००	
यस वर्षको आय			५. प्रदेश विशेष		
१.आन्तरिक आय	६८९८२४३.३९	६८९८२४३.३९	पुँजीगत खर्च		११४५४००४९
२. वित्तीय हस्तान्तरण (संघ)		३९०३२००६१.२९	१. पालिका तर्फ	८२५११५७१४	
क) समानीकरण अनुदान	९६०७२७२०		२. संघीय सशर्त	१०३३११८०	
ख) राजस्व बाँडफाँट	७७९०१३४१.२९		३. संघीय विशेष	५०३७५८१	
ग) सशर्त अनुदान	२०९७४६०००		४. संघीय समपुरक		
घ) समपुरक अनुदान	०		५. प्रदेश सशर्त	७२८०७३५	
ङ) विशेष अनुदान	६६०००००		६. प्रदेश विशेष	५७१४१३७	
च) रोयल्टी			७. प्रदेश समपुरक	३६६०७०२	
छ) अन्य			अन्तर सरकारी अख्तियारी (संघ)		१०१४२३०२२.२२
३. वित्तीय हस्तान्तरण (प्रदेश)		३५३३४४३५.७२	क) सामाजिक सुरक्षा	९३४३८०४१.९	
क) समानीकरण अनुदान	९५९९०००		ख) घरेलु तथा साना उधोग प्रर्वद्धन केन्द्र	३१००६२८	
ख) राजस्व बाँडफाँट	१५१८३४४.७२		ग) उच्च पहाडि एवं हिमालि क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम	४०३८८८९.७२	
ग) सशर्त अनुदान	१३४५४०००		घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	८४५४६२.६	
घ) समपुरक अनुदान	३६६०७०२		ऋण फिर्ता(साँवा)		
ङ) विशेष अनुदान	५७१४१३७		ऋणको ब्याज भुक्तानी		
च) घर जग्गा रजिष्टेसन	१३८८२५२		धरौटी फिर्ता तथा सदर स्याहा	३५५२८०५	३५५२८०५
छ) अन्य			कार्यसञ्चालन कोषबाट भएको खर्च	२७५३८३१४.२५	२७५३८३१४.२५
४. अन्तर सरकारी अख्तियारी (संघ)		१०१४२३०२२.२२	अन्य कोषबाट भएको खर्च		
क) सामाजिक सुरक्षा	९३४३८०४१.९		गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
ख) घरेलु तथा साना	३१००६२८		अन्य सहयोगमा सञ्चालित		

उधोग प्रर्वद्धन केन्द्र			योजना		
ग) उच्च पहाडि एवम हिमालि क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम	४०३८८८९.७२		अन्य खर्च भएमा		
घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	८४५४६२.६				
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			अनुदान फिर्ता		
६. ऋण/ **वित्तीय व्यवस्था**			१. संघ तर्फ		
७. धरौटी आय	२९३९३५६	२९३९३५६	क) सशर्त अनुदान	१६६९४८०३.३२	१८२५७२२२.३२
८. **कार्यसञ्चालन कोष आय**	२५९८५५४८	२५९८५५४८	ख) विशेष अनुदान	१५६२४१९	
९. अन्य कोषको आय			ग) समपुरक अनुदान	०	
१०. **गैरसरकारी संस्थाबाट सञ्चालित योजना**			२. प्रदेश तर्फ		
११. **अन्य सहयोगमा प्राप्त सञ्चालित योजना**			क) सशर्त अनुदान	६०४४७६५	६०४४७६५
१२. **अन्य आय भएमा**			ख) विशेष अनुदान	०	
			ग) समपुरक अनुदान	०	
			अन्तिम मौज्दात		१६९३६२०५.२१
			१. संचित कोषको मौज्दात	१०७५८३१५.६७	
			२. धरौटी	३२७७४२२.९९	
			३. कार्यसञ्चालनकोष	२९००४६६.५५	
			४. अन्यकोष		
	जम्मा	**५८५८२८१४६.१**		**जम्मा**	**५८५८२८१४६.१**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आर्थिक विवरण**

पालिकाको आर्थिक वर्ष २०८१।८२ को सुत्र अनुसार २७० ले देखाएको आय व्ययको विवरण र संघिय सरकार तथा प्रदेश सरकार तर्फको C-GAS मार्फत भएको आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले

सामाजिक सुरक्षा भत्ता वितरण रु.९३४३८०४१।९०, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.८४५४६२।६०, उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक स्वरोजगार कार्यक्रममा रु.४०३८८८९।७२ र घरेलु तथा साना उद्योग प्रवर्धन कार्यक्रमको रु.३१००६२८।- समेत गरी रु.१०१४२३०२२।२२ ¬एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

५ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ ।उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६००००००।-प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।०८२ मा रु.६८९८२४३।३९ अर्थात अनुमान भन्दा १४.९७ प्रतिशत बढी आय प्राप्त गरेको छ । यसरी आयमा वृद्धि देखिएतापनि अनुमान अनुसारको शिर्षकगतरूपमा आम्दानी भएको देखीदैन । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिनु पर्दछ।

	राजश्वको नाम	२०८०।८१ को असूली रु.	२०८१।८२ को असूली रु.	वढि/घटि रु.
१	११३१३ - सम्पती कर	४४२.६५	१६८५.९०	-१२४३.२५
२	११३१४ - भुमिकर/मालपोत	३४२१९०.६	५८९३४२.९४	-२४७१५२.३४
३	११३१७ - वहाल कर	१५५७६६	०	१५५७६६
४	११३१८ - वहाल विटौरी कर	१०९०२९	३००८३०.३०	-१९१८०१.३
५	११४५१ - सवारी साधन कर (साना सवारी)	३००००	११९३३०	-८९३३०
६	११४७९ - अन्य मनोरञ्जन कर	०	१०	-१०
८	११६२१- व्यवसाय वाहेक अन्यले भुक्तानी गर्ने	२००	०	२००
९	११६३१- कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक दस्तुर	६३०००	२४१००	३८९००
११	११६९१ - अन्य कर	४१२२२१	५३९१८८.२५	-१२६९६७.२५
१२	१४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	४०५००	३५७७५०	-३१७२५०
१३	१४१५९ - अन्य स्रोतबाट प्राप्त रोयल्टी	१०००	०	१०००
१४	१४२१८- विद्युत सेवा शुल्क	४४००	०	४४००
१५	१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री	४००	१०००	-६००
१६	१४२२१ - न्यायिक दस्तूर	०	४००	-४००
१७	१४२२४- परीक्षा शुल्क	३७००	१३५४००	-१३१७००
१८	१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	८४८००	१६२१००	-७७३००
२०	१४२४२ - नक्सापास दस्तुर	१६२००	०	१६२००
२१	१४२४३ - सिफारिश दस्तुर	७४१३३०	७२०२००	२११३०
२२	१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	२३०९०३	२०२०००	२८९०३
२३	१४२४५ - नाता प्रमाणित दस्तुर	३०६०२	१८४००	१२२०२
२४	१४२४९ - अन्य दस्तुर	११८००	१७६८५०	-१६५०५०
२५	१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	५१३५५४.२९	१७६७००	३३६८५४.२९
२६	१४२६२- विद्युत सम्बन्धी दस्तुर	८००	०	८००
२७	१४२६५- अन्य क्षेत्रको आय	२९५७०	३५००	२६०७०
२८	१४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत	०	६०१३२४	-६०१३२४
२९	१४३१३- धरौटी सदरस्याहा	६०००	०	६०००
३०	१४५२९ - अन्य राजस्व	३२०००	१११२३५	-७९२३५
३१	१४६११ - व्यवसाय कर	२३४१००	३०६९००	-७२८००
३२	१५१११ - बेरूजू	०	२२९१८४७	-२२९१८४७
३३	१५११२- निकासा फिर्ता	२६४००	२६४००	०

३४	१५११३- अनुदान फिर्ता	०	३१७५०	-३१७५०
जम्मा		**३१२०९०८**	**६८९८२४३.३९**	

८ खर्च बिश्लेषणः

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.६८९८२४३।३९ राजस्व बाँडफाँडबाट रु.६८९८२४३।३९, गत बर्षको मौज्दात रु.२२९२७४७९।४८, वित्तीय हस्तान्तरण (संघ) बाट रु.३९०३२००६१।२९, वित्तीय हस्तान्तरण (प्रदेश) बाट रु. ३५३३४४३५।७२, अन्तर सरकारी अख्तियारी (संघ) बाट रु.१०१४२३०२२।२२, धरौटी आयबाट रु.२९३९३५६।-र कार्यसञ्चालन कोष आयबाट रु.२५९८५५४८।-गरी जम्मा रु.५८५८२८१४६।१० आम्दानी भएकोमा चालु तर्फ रु.२९७५३५७६३।१० र पूँजिगत तर्फ रु. ११४५४००४९।-, अन्तर सरकारी अख्तियारी (संघ) बाट रु.१०१४२३०२२।२२, धरौटी फिर्ता तथा सदर स्याहा रु.३५५२८०५।-, कार्यसञ्चालन कोषबाट भएको खर्च रु.२७५३८३१४।२५, संघ सशर्त अनुदान रु.१८२५७२२२।३२, प्रदेश तर्फ रु.६०४४७६५।-गरी जम्मा रु.५६८८९१९४०।९० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.८९८८८००।-खर्च भएको छ भने आन्तरिक आय भन्दा २३.२६ प्रतिशत बढी खर्च देखिन्छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५०.७८ प्रतिशत चालु र १९.५५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

सि.नं.	खर्च शिर्षक	२०८०।८१ को खर्च	२०८१।८२ को खर्च	वृद्धिको कारण
१	करारका कर्मचारीको खर्च	१३९३१८०७	१४८९९१९१	सवारी चालक र स्विपर थप
२	वैंठक भत्ता	२५३०००	२१८१२०	
३	इन्धन	२४२२९०९	२६५४६३८	दुइ वटा चारपाङ्ग्रे सवारी थप
४	मसलन्द	२८४७१८७	३३५८३५३	नयाँ गाउँसभाहल सञ्चालन
५	विविध	२८८१८५१	२४४५५६२	

९ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	४११९८०००.००	३०३१४३८२.००	७३.५८
२	पूर्वाधार विकास	५२२५९०००.००	४१२०९९४९.००	७८.८६
३	सामाजिक विकास	२७५०८२०००.००	२३५७९३७८९.६८	८५.७२
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	३३८१४००६.००	३०४५७८८२.००	९०.०७
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	८२८५२३६८.००	७४२९९८०९.४२	८९.६८

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा बढी ९०.०७ प्रतिशत र आर्थिक विकास क्षेत्रमा सबै भन्दा घटीमा ७३.५८ प्रतिशत रहेको छ । तोकिएअनुसारको लक्ष्य प्राप्तिको लागि पालिकाले पहल गर्नुपर्ने देखिन्छ ।

१० स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

११ योजनाको प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल २०१ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाख भन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	२०१	७	१६	१७८
जम्मा		**२०१**	**७**	**१६**	**१७८**

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १९८ योजनामात्र कार्यान्वियन भई ३ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

१२ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• पालिकाले उद्धेश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.३० लाख ७७ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.८४ लाख १६ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

१३ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

१४ **कानून र सञ्चालन स्थितिः–**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, ५ वटा नियमावली, १८ कार्यविधि र ४ निर्देशिका, नर्म्स १ लगायत ४३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएकोमा छ। तसर्थ आवश्यकताको आधारमा कानून निर्माण गरी राजपत्रमा प्रकाशन गर्नुपर्नेमा पालिकाको वेवसाईटमा राखि कार्यान्वियनमा ल्याउने गरेको पाईएकोले ऐनले तोके अनुसार पुर्णरुपमा कार्यान्वियनमा ल्याउनु पर्दछ ।

१५ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्यसंस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानोझोला खरिद गरी गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ९ बर्थिङ सेन्टरमा ८२ वटा मौज्दात रहेकोमा यस वर्ष २५० थान को हुने रु.२४८०३५।-खरिद गरेकोमा यस वर्ष १६७ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा १६५ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या गत दुई वर्षको प्रसुति दरका आधार हेर्दा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ आवश्यकताको विश्लेषण गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

१६ **सेवाप्रवाहको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार २८ वटा ऐन, ५ वटा नियमावली र ५० बटा कार्यबिधि लगायतका ९६ वटा कानुनहरु स्वीकृत गरी कार्यान्वियनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहको कार्य अझै चुस्त तथा तथ्याङ्कपरक हुनुपर्ने देखिन्छ ।

क्र.सं	विवरण	संख्या
१	जन्मदर्ता	७४७
२	मृत्युदर्ता	१४७
३	बसाईसराई दर्ता	६४
४	विवाह दर्ता	२१८
५	सम्बन्धविच्छेद दर्ता	२

१७ योजना तथा वजेट कार्यान्वियन

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार प्रति योजना रु. १० करोड वा एकवर्ष भन्दा वढीको खरिद गर्दा खरिद गुरु योजना र १० लाख भन्दा वढीको खरिद गर्दा खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले रु.११ करोड ८५ लाखको खरीद गरेकोमा खरिद गुरुयोजना तयार गरेको छैन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८१ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट १३८ वटा योजनामा रु.२ करोड ६९ लाख ६६ हजार मिति २०८१।१०।९ मा रकमान्तर गरेको छ, उक्त रकम वजेट रकम रु.३७ करोड ४६लाख ९ हजारको तुलनामा ७.१९ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन। साथै रकमान्तर गरेको रकम मध्ये १ योजनामा रु.२०००००।-खर्च गरेको छैन।

कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१८ त्रैमासिक खर्चः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ र ३६ मा कार्यसम्पन्न गर्न कार्यक्रम र बजेट अख्तियारी साथ त्रैमासिक अवधि र बजेट खुलेको वार्षिक कार्यक्रम प्राप्त गरी तोकिएको त्रैमासिक अवधिमा लक्षित कार्य सम्पन्न गरि भौतिक र वित्तिय प्रगति हाँसिल गरिनु पर्दछ । कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम त्रैमासिकमा ० प्रतिशत, दोस्रो त्रैमासिकमा २०.४३ प्रतिशत, तेस्रो त्रैमासिकमा १७.७३ तथा चौथो त्रैमासिकमा ६१.८४ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ४८.३४ प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

(रकम रु. हजारमा)

क्र.स	बजेट	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	पुँजीगत खर्चतर्फ	११४५४०.०५	०	२३३५६.४३	२०२५९.२७	७०७८९.३५	५५३६१.४०
कुल खर्चको तुलनामा प्रतिशत		**१००**	**०**	**२०.४३**	**१७.७३**	**६१.८४**	**४८.३४**

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ६१.८४ प्रतिशत तथा आषाढ महिनामा ४८.३४ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

१९ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको लेखापरीक्षण अवधीमा प्राप्त विवरण अनुसार दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । पालिकाले उक्त रिक्त रहेको दरबन्दी पदपूर्ति गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनु पर्दछ ।

वडा संख्या	वडा सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त संख्या
९	९	३	६

२० **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२१ **प्रगति**

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ । शुन्य प्रगति भएका ४ योजनाहरुमा लाभग्राहीहरू सम्झौता गर्न नआएका कारण देखाईए तापनि कार्यान्वियन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ । साथै पालिकाले वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति				
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति	७५ प्रतिशत भन्दा माथि
कार्यक्रम संख्या	२०१	४	०	०	०	१९७

२२ **पदाधिकारी सुविधा**

सुदुरपश्चिम प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३, ८, ९ ,१० ११,१२ र १३ सँग सम्बन्धित अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था

गरेको छ । सोहि अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरूलाई यो वर्ष बैठक भत्तामा रु.७ लाख १० हजार यातायात सुविधा रु.६ लाख ८९ हजार, टेलिफोन तथा मोवाइल रु.१४ लाख ४६ हजार, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.१४ लाख ८२ हजार, समन्वय र सहजिकरणमा २२ लाख ८० हजार अतिथि सत्कारमा रु.९ लाख ८४ हजार, खानेपानी तथा मर्मतमा रु.९ लाख ४२ हजार र चाड पर्व खर्चमा रु.४ लाख ५५ हजार खर्च भुक्तानी गरेको देखियो ।

सि.नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडा अध्यक्ष ९ जना	कार्यपालिका सदस्य ६ जना	सभा सदस्य ३० जना	जम्मा
१	बैठक भत्ता	१०२००	१०२००	१४४३००	१३३६००	४१२०००	७१०३००
२	यातायात खर्च	५००००	४५०००	९००००	१४४०००	३६००००	६८९०००
३	टेलिफोन,मोबाइल	७२०००	६००००	३७८०००	२१६०००	७२००००	१४४६०००
४	पुस्तक,पत्रिका,	६००००	५४०००	४३२०००	२१६०००	७२००००	१४८२०००
५	समन्वय तथा सहजीकरण	१०८०००	८४०००	६४८०००	३६००००	१०८००००	२२८००००
६	अतिथि सत्कार	१२००००	१०८०००	७५६०००	०		९८४०००
७	खानेपानी/विजुली	४२०००	३६०००	२१६०००	२८८०००	३६००००	९४२०००
८	चाडपर्व खर्च	२५०००	२२५००	१४४०००	५४०००	२१००००	४५५५००
जम्मा		**४८७२००**	**४१९७००**	**२८४७६००**	**१४६१६००**	**४०६२०००**	**८९८८८००**

२३ **कृषी पशु अनुदानः**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट ९४३ जनाको लागि रु.३६७४६२५।-खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

क्र.सं	अनुदानको किसिम	बजेट	खर्च	लाभान्वित कृषक
१	बृहत तरकारी तथा फलफुल विकास कार्यक्रम	३५०००००		
१.१	हिउँदे फलफुल कार्यक्रम /बर्खे फलफुल कार्यक्रम	०	१३९६४९७	४४८
१.३	फलामे टनेल कार्यक्रम	०	१९६००००	२८
२	हिउदे तरकारीको विउ वितरण	२०००००	१६८८२८	६७
३	मिनिकिट तरकारीको विउ वितरण	२०००००	१४९३००	४००
जम्मा		**३९०००००**	**३६७४६२५**	**९४३**

२४ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरु सहित ६३ को लागि रु.८५००००।-आर्थिक सहायता वितरण

गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

२५ **निःशुल्क उपचार सहायताः**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट १० जनाको लागि रु.४१५०००।-खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

क्रम	उपचारको किसिम	व्यक्ती संख्या	रकम रु हजारमा
१	क्यान्सर	७	२३५०००
२	मृगौला डाईलासिस	३	१८००००
जम्मा		**१०**	**४१५०००**

२६ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले अन्तर्गतको सहकारीहरूको विवरण उपलव्ध गराएको छैन जसले गर्दा आधिकारीक विवरण सम्वन्धमा अवगत हुन आएन । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गर्नुपर्नेमा लेखापरीक्षण अवधीसम्म गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२७ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२८ **म.ले.प.फारामको प्रयोगः**

भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरेको छैन ।

• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,

• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको,

• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको

अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।

२९ **वन पैदावार आय असूल नभएकोः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावारको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावारको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावारको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

३० **प्रधानमन्त्री रोजगार कार्यक्रम:**

३०.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा नहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका कार्यक्रम सञ्चालनको लागि रु.८१९६०००।-वजेट विनियोजन भएकोमा पालिकाले पेश गरेको विवरण अनुसार ९४ जनालाई बढीमा १०० दिन र कममा ६९ दिन गरी औषतमा ७८ दिनको श्रमिक ज्यालामा रु.५३५०४३५।-र प्रशासनिकमा रु.२८४५५६५।-गरी जम्मा रु.८१९६०००।-खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा उल्लेखित छन्।

३०.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वियन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ। त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ। तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन। सो सम्वन्धमा सुधार हुनुपर्दछ।

३०.३ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विशेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ। दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ। तर पालिकाले सोको कार्यान्यवन गरेको नपाईएकोले सुधार हुनु पर्दछ।

३०.४

रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा पालिकाले रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर देहाय अनुसारका योजनाहरुमा कार्यपालिकाको निर्णयअनुसार योजनाहरू छनौट गरी वजेट खर्च भएको छ। वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले उत्पादकमूलक र रोजगारमूलक योजना संचालन गरेको पाईएन सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ।

क्र.सं	वडा नं.	आयोजनाको नाम	योजना संख्या	रोजगारी संख्या	खर्च रु.
१	१	उतकडी मोरायल मोतिपुर सडक सफाइ लगायतका योजना	५	८	४५७९२०
२	२	दंगाजी सार्की टोल बाटो पि सि सि लगायतका योजना	६	११	६३२४८८
३	३	कुच नहर साईट सरसफाई लगायतका योजना	४	७	४७२२७३
४	४	मालिका मन्दिर फिल्ड निर्माण र दोगाडा देखि पडेससम्म सडक	२	७	४९३९२०
५	५	खुलम ट्रस निर्माण लगायतका योजना	१५	१७	९४३८६२
६	६	डाडाखेत पहिरो नियन्त्रण लगायतका योजना	९	१६	७५९४६३
७	७	लगायतका योजना	४	८	४९५३६०
८	८	शैलेश्वरी मन्दिर बाल मर्मत लगायतका योजना	८	११	५६७३६९
९	९	त्रिचु खानेपानी मर्मत लगायतका योजना	७	८	५२७७६०
जम्मा					**५३५०४३५**

३०.५ पालिकाले कार्यान्वयन गर्ने योजनाहरू बार्षिक वजेटमा समावेश गरी कार्यान्वयनमा लैजानुपर्ने तथा वडाहरूको आवश्यकताको आधारमा योजना छनौट गर्नुपर्ने देखिन्छ। तर पालिकाले यस बर्ष कार्यान्वयन गरेका ६० वटा नै योजनाहरू वजेटमा समावेश गरेको नपाईएको तथा कार्यपालिकाको निर्णयानुसार मात्र छनौट गरेको जनाएको छ। पालिकाले योजना छनौट गर्दा सवै वडाहरुलाई प्राथमिकतामा राखी योजना छनौट गरी वजेटमा समावेश कार्यान्वयन गर्नुपर्दछ।

३१ पालिका शिक्षक तलवः

शिक्षा नियमावली २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दि हुनुपर्दछ । पालिका अन्तर्गतका निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा पालिकावाट सो भन्दा बढी हुने गरी थप शिक्षक व्यवस्था गरी तलव भत्ता भुक्तानी भएको पाईयो । जसअनुसार साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका तथा विद्यार्थि संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८१ का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ । कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा भएको व्यवस्था अनुसार कक्षा ६-८ तथा कक्षा ९-१० मा अंग्रेजी, विज्ञान र गणित बिषयको लागि समेत छुट्टै वजेट व्यवस्था गरी निकासा समेत दिईएको अवस्था छ । तर पालिकाले न्यून विद्यार्थी रहेका विद्यालयलाई विद्यार्थि संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दी कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ गाउँपालिकाको ध्यान जानुपर्ने देखिन्छ । तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका र गत विगत देखि नै निजी स्रोतको रूपमा कार्यरत शिक्षकलाई प्रा.वि.तर्फ १६ जनालाई, नि.मा.वि.तर्फ १५ जना र मा.वि तर्फ ६ जना शिक्षकलाई गरी बार्षिक रु.८५७४०००।-वित्तिय समानिकरण शिर्षकबाट तलब भत्ता विद्यालयहरूको नाममा अनुदान निकासा दिएको पाईयो । पालिकामा रहेको शिक्षक र विद्यार्थिहरूको अनुपात हेर्दा देहाय अनसारको देखिएकोले आवश्यकताको आधारमा मात्रै शिक्षक नियुक्ती गरी खर्च गर्नुपर्ने देखिन्छ ।

तह	दरवन्दि शिक्षक	विद्यार्थि संख्या	पालिका अनुदान शिक्षक	जम्मा	शिक्षक विद्यार्थि अनुपात	खर्च रु.
प्रा.वि.	१२७	२६७९	१६	१४३	१८.७३	३०७२०००
नि.मा.वि.	२३	१२५९	१५	३६	३४.७९	३०१००००
मा.वि.	३९	८५१	१०	४९	१७.३६	२४९२०००
जम्मा	**१८९**	**४७८९**	**३९**	**२२८**		**८५७४०००**

३२ **शिक्षामा आरक्षणः**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

३३ **काजमा शिक्षक**

संघीय सरकारबाट हस्तान्तरण भएका शिक्षा क्षेत्रका कार्यक्रममा खर्च गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१।८२ अनुसार खर्च गर्नुपर्ने देखिन्छ । पालिकाले कार्यालयमा शिक्षा शाखामा दरवन्दि अनुसारको पदपूर्ति नभएको जनाई विद्यालयको शिक्षकलाई काजमा राखेको पाईयो । यसरी दरबन्दीको शिक्षकलाई कार्यालयमा काजमा खटाई निजको स्थानमा अर्को शिक्षक राख्नुपर्दा दोहोरो भार पर्ने तथा शिक्षकलाई कामकाजमा राख्दा कार्य कार्यदक्षता एवं पारदर्शितामा समेत गुञ्जायस रहने हुँदा दरवन्दि पदपूर्ति गरी विद्यालय शिक्षकलाई सम्वन्धित विद्यालयको अध्यापनमा केन्द्रित हुने वातावरण वनाउनुपर्ने तर्फ ध्यान दिनुपर्ने देखीन्छ ।

३४ **विद्यालयको अनुगमनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभूत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय-व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धी निश्चित मापदण्ड निर्धारण गरी सोही अनरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभूत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। यस सम्बन्धमा शिक्षा शाखासँग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेको भनाइ रहेको छ । पालिकाले अनुगमन सम्बन्धी निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर वृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्था गर्नुपर्दछ ।

३५ **लघुउद्यम कार्यक्रमः**

गरीवी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेडपा) अन्तर्गत यस आर्थिक बर्षमा विभिन्न कार्यक्रमको लागि यस बर्ष रु.११६००००।- रकम विनियोजन भएकोमा रु.११०२०००।-खर्च गरेको पाईयो। पालिकाले यस बर्ष विभिन्न प्राविधिक सिपमूलक तालीम संचालन गरी देहायअनुसारको ११५ जनालाई तालीम प्रदान गरी प्रविधि हस्तान्तरण गरेको छ। गरीवी निवारणको लागि विनियोजित रकमबाट पूर्ण

रुपमा कार्यक्रम संचालन गरी बार्षिक सम्पन्न कार्यक्रमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजनाको सम्वन्धमा समेत पालिकाले अनुगमन गर्नुपर्दछ।

क्र.स.	कार्यक्रम को नाम	वडा	सहभागी संख्या	प्रबिधि हस्तान्तरण	अबधि	रकम रु.
१	पी.आर. ए समुह गठन अभिमुखीकरण कार्यक्रम	३,६	३५		६ दिन	३००००
२	उधम सिलता तालिम	३,६	३०		१६ दिन	७००००
३	नयाँ उधमी सिर्जना साबुन उत्पादन र बाशसमग्री निर्माण तालिम	३,६	३०		७ दिन र ३० दिन	३६३०००
४	एडभान्स सिप बिकाश तालिम साबुन उत्पादन तालिम	१	२०	२०	७ दिन	२४९०००
५	प्रबिधि हस्तान्तरण			५		१४००००
जम्मा						**८४२,०००**

३६ वितरणमुखी कार्यक्रमः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) ले योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वियन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । ।यस्तो खर्चले नागरिकको जीवनस्तरमा प्रत्यक्ष उपलब्धी हाँसिल नहुने भएकोले कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा नियन्त्रण गरिनुको साथै यस्तो खर्च गर्दा वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ ।

गो.भौ	स्रोत	योजना/ कार्यक्रम	रकम रु.
३५	पालिका चालु	ईलाका प्रहरीकार्यालयलाई मौला पुजा बापतको रकम भुक्तानि	२००००
३९	पालिका चालु	मालुमेला प्रहरी चौकिलाई मौला पुजा बापतको रकम भुक्तानि	१५०००
४१	पालिका चालु	अस्थाई प्रहरी चेक पोष्ट बगाडालाई मौला पुजा बापतको रकम भुक्तानि	१५०००
४२४	पालिका चालु	बझाङ्ग जिल्लाको कलाकार काठमाण्डौ गएबाफतको रकम आर्थिक सहयवग दिइएको	१५०००
विभिन्न	पालिका चालु	एकल पुरुष भत्ता	२१५०००
६०३	पालिका चालु	महिला समुहहरुलाई साउन्ड बक्स (बुफर) खरिद	९६०५०
३३५	पालिका पूँजिगत	अस्थाई प्रहरी पोष्ट फर्निचर, वडा नं-२	५००००
३३५	पालिका पूँजिगत	अस्थायी प्रहरी चौकी फर्निचर तथा सामग्री, वडा नं-४	५००००
६६ र १४४	पालिका पूँजिगत	खार सामुदायिक बन घेरवार कोटफेरा	१९७५२४
३१८	पालिका पूँजिगत	लागत साझेदारीमा चूल्हो खरीद, वडा नं-८	७७५५००

३७ वित्तीय प्रतिवेदनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८१।८२ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ ।

(विस्तृत विवरण बेरूजु दफा ३७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३८ खर्चमा मितव्यिता कायम गर्नुपर्नेः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसरी खर्च लेख्दा आवश्यक्ता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेकोमा देहाय बमोजिम पाईयो:-

भ्रमण खर्च - सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमणमा रू.१९९९०००।÷खर्च भुक्तानी गरेको छ । कार्यालयले भ्रमण खर्चमा मितव्ययीता कायम गर्नुपर्ने देखिन्छ ।

इन्धन खर्च - सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.२२३५०००।-खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा रु.१०२२०००।-खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै जानुपर्दछ ।

मसलन्द तथा कार्यालय सामग्री खर्च - सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा यस वर्ष पालिका तर्फ रु.१४११०००।-र वडाहरूतर्फ रु.११६७०००।-गरी जम्मा रु.२५७८०००।-खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

सवारी मर्मत र अन्य मूर्मत खर्च - सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधी ऐन, २०७९ को दफा ५४ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस बर्ष सवारी मर्मत शिर्षकबाट रु.१७४९०००।-र जे.सि.वि.मर्मतमा रु.१००००००।-गरी रु.२७४९०००।-खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वियन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन । पालिकाले सो सम्वन्धमा ध्यान दिनु पर्दछ ।

कन्टिन्जेन्सी खर्च अभिलेख : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। जसले गर्दा कुन कुन योजनामा कति खर्च गरेको छ यकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

३९ खरिद कारवाही अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम (२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान,

उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सो सँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्धरुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोकेअनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

४० **जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । यस बर्ष पालिका अन्तर्गतका देहायका लगायत विभिन्न योजनाहरूको सडक कालोपत्रे, सडक ढलान,आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट, ओभरहेड टंकी निर्माण जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

क्र.स	**कामको विवरण**	**उ.स./संस्थाको नाम**	**कामको विवरण**	**खर्च रु.**
१	जड़ार अफ्ला र चित्रु फकाली सडक मर्मत	जड़ार अफ्ला र चित्रु फकाली सडक मर्मत उ.स.	सडक ढलान गर्ने र ग्राभेल गर्ने काम	८१६०००
२	लम्भा झपाली सडक	लम्भा झपाली सडक उ.स.	नयाँ सडक ट्रयाक खोल्ने काम	८३०७०
३	त्रिभुवन मा वि वडा ०४ को फिल्ड निर्माण	त्रिभुवन मा वि महेन्द्रधार	ग्याबिन को काम मेसिनद्वारा फिल्ड काट्ने र काटेको माटो हटाउने काम	६५६६७९

४१ **उपभोक्ता समिति मार्फत कार्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायीबट गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको २०१ वटा उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु.५५८१६११८।-भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

• उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वयन गर्दा अधिकाशं योजनामा १० प्रतिशत उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्धि गर्नुपर्दछ ।

• बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । उपभोक्ता समितिमा बसेर कार्यगर्ने व्यक्तीको अभाव रहेको भन्ने पालिकाले जनाएको छ ।

• उपाध्याक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

४२ **यन्त्र उपकरण सञ्चालन-**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुनसक्ने अवस्था रहेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख गर्नुपर्ने तथा निर्माण कार्यमा प्रयोग भएको सम्वन्धमा लागत अनुमान, नापी किताव र कार्य सम्पन्न प्रतिवेदन समावेश हुनु पर्दछ । साथै यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

क्र.सं.	सामानको विवरण	इन्धन लागत रु.	जनशक्ति लागत रु.	मर्मत लागत रु.	आय रु.	खर्च रु.	वचत रु.
१.	व्याकहो लोडर	१७७४५८४	३९८०५०	१००००००	६२५३५७.२५	३१७२६३४	-२५४७२७७
२.	एम्बुलेन्स	६१४४००	६१४४००	३४९९५०	३५७०५०	२९२४०५	-१०२८९९५

४३ राष्ट्रिय शिक्षा नीतिको पालनाः

४३.१ राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। तर पालिकाले सो सम्वन्धमा पालना गरेको देखीएन। यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन् :

- निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन।
- निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन।
- शुल्क निर्धारण र त्यसको कार्यान्वियनको अनुगमन गरेको छैन।
- अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि।
- प्रतिवेदन सार्वजनिक गरेको छैन।

४३.२ गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन। कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

४४ मेला तथा पर्व खर्च

सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७९ को दफा २६ खर्चको कार्यविधि र मापदण्डको उपदफा २ मा सरकारी रकम गर्दा गर्दा अधिकतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर कायम हुनेगरि मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । साथै स्थानीय तहले कार्यक्रम छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आय आर्जनसंग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनौटमा ध्यान दिनुपर्दछ । पालिकाले संघीय सरकारवाट सिमित श्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सिमित रहेको अवस्थामा सिमित श्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नुपर्नेमा देहायलगायतका वितरणमुखी कार्यक्रमहरु संचालन गरेको देखियो । यस्ता वितरणमुखी कार्यले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याउने नदेखिने हुँदा यस्ता कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

गोश्वारा भौचर नं	कार्यक्रम	रकम
३७।०८१।०६।२३	वादी समुदाय मौला पुजा	२००००
४६।०८१।०७।०८	वादी समुदाय मौला मेला	२००००
५१।०८१।०७।११	वडा नं ५ को मौला मेला	६००००
२३०।०८१।१०।३०	उन्ननी मेला व्यवस्थापन	१५८२००
२७७।०८१।११।२५	चतुरदर्शी मेला व्यवस्थापन	१५००००
५३१।०८२।०३।१९	शिवरात्री मेला व्यवस्थापन	२००००
५३४।०८२।०३।१९	वडा नं ७ को स्थानीय मेला	५५००००
१०४।०८१।०८।१६	तिज विशेष कार्यक्रम	५५०००

४५ **अन्य निकायको दैनिक भ्रमण भत्ता**

सुदुर पश्चिम प्रेदश आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायीत्ब नियमावली, २०८० को नियम ४३ मा कुनै अधिकार प्राप्त अधिकारिले आफुलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाईदा पुग्ने गरी सरकारी धन खर्च गर्न नहुने व्यवस्था छ । पालिकाले कार्यालयसँग असम्बन्धित निम्नानुसारका व्यक्तिलाई अनुगमन भत्ता दिएको पाईयो । यसरी नियमावली विपरीतको खर्च रकम रु.१६०००।- नियमसम्मत नदेखिएको रु.

गो.भौ.	कर्मचारीको नाम	पद	भ्रमण मिति	उदेश्य	रकम
४१३	सुनिता भण्डारी	खरिदार जिल्ला हुलाक कार्यालय बझाङ	०८२।०१।०५ देखि ०८२।०१।११	पालिकाका हुलाक तथा अतिरिक्त हुलाकको अनुगमन	७०००
	लोकेन्द्र बहादुर सिँह	प्रहरी निरिक्षक जिल्ला प्रहरी कार्यालय बझाङ	०८२।०१।१० देखि ०८२।०१।१६ सम्म	शान्ति सुरक्षाको गतिविधि बुझ्न	९०००
जम्मा रकम					**१६०००**

अनियमित भएको	१६,०००

४६ **प्रयोजन नखुलेको गाडी भाडा**

सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०८० को नियम ३८ को उपदफा ५ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गोश्वारा भौचर नं ५२।०८१।०७।१३ र ३४३।०८१।१२।२६ बाट कार्यालयले विभिन्न समयमा प्रयोग गरेको गाडी भाडाको रु.१२ लाख ५२ हजार भुक्तानी गरेको छ । पालिकाबाट गाडी प्रयोग गरि कार्यालयको काममा जाँदा गाडी भाडा सम्झौता गरि रकम भुक्तानी गर्ने गरेकोमा विभिन्न मितिमा गरिएको गाडी भाडा रु.६१४८२६।-को सम्झौतामा गाडी के को लागि प्रयोग भएको, कुन स्थानमा लगिएको र सम्झौतामा गाडी भाडा रकम समेत उल्लेख नगरि सम्झौता हुने गरेकोले नियमसंगत नदेखिएको रु.

अनियमित भएको	६,१४,८२६

४७ **आकस्मिक लाभ कर कट्टी नभएको**

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **३७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४८ **बहुक्षेत्रीय पोषण**

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **६२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४९ **अन्य निकायको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्वन्धमा समेत उल्लेख गरेको छ । पालिकाले यस वर्ष आफ्नो कार्यक्षेत्र भन्दा वाहिरको कार्यालयको लागि वजेटमा व्यवस्था गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र वजेट प्रभावकारी भएको देखिएन । पालिकाको मातहत वाहेकको कार्यालयको सञ्चालन गर्न सोही कार्यालयको तालुक कार्यालयवाट वजेट व्यवस्थापन हुने र पालिकामा यस प्रकारको खर्चले थप व्ययभार वढ्दै जाने भएकोले अनियमित देखिएको रु

गोश्वारा भौचर नं र मिति	**भुक्तानी पाउने**	**खरिद सामग्री**	**रकम**
१५५।०८१।०९।१९	राष्ट्रिय अनुसन्धान कार्यालय	सोफा सेट खरिद	६००००
३३१।०८१।१२।२९	इलाका प्रहरी पोष्ट	घर भाडा भुक्तानी	१८००००
जम्मा रकम			**२४००००**

अनियमित भएको	२,४०,०००

५० **वडा भित्रको अनुगमन भत्ता**

सार्वजनिक खर्चमा मितव्ययिता तथा प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन,२०७५ ले खर्चमा किफायती तरिका सुझाएको छ । पालिकाले देहाय अनुसारको कर्मचारीहरुलाई विभिन्न कार्यक्रम तथा योजनाको अनुगमन गरेको उल्लेख गरी आफ्नो पालिकाको वडा भित्रको अनुगमन भत्ता भुक्तानी गरेको छ । यसरी आफ्नो पालिका भित्र अनुगमन गरी खर्च लेखेको रकम रु.५१५८६।०० नियमसम्मत नदेखिएको रु.

गोश्वारा भौचर नं	**कर्मचारीको नाम**	**पद**	**भ्रमण मिति**	**स्थान**	**रकम रु**
१६३।०८१।०९।२०	हर्कबहादुर थापा	आलेप	०८१।०८।२३ देखि २९ सम्म	वडा नं २	६५२५
१८४।०८१।१०।०८	विनोद रावल	नाप्रास	०८१।०६।१३ देखि १९	वडा नं १	७१२०
	सुदिप भण्डरी	नापसेप्रा	०८१।०९।११ देखि १७	वडा नं ९	७१२०
	जनक थापा	नापसेप्रा	०८१।०९।०२ देखि ९।८	वडा नं ९	८२४०
	केशवराज जोशी	प्रशासकिय अधिकृत	०८१।०९।११ देखि १७	विभिन्न वडा	८५३८
	कविन्द्र विष्ट	उम विकास सहजकर्ता	०८१।०७।०८ देखि १०	विभिन्न वडा	२९४०
१८९।०८१।१०।०८	ओम शंकर चौधरी	सव इन्जिनियर	०८१।०९।९ देखि ९।१५	विभिन्न वडा	६५२५
१९१।०८१।१०।१०	नरेश ओली	सहायक पाचौ	०८१।०४।१० १७ देखि	विभिन्न वडा	४५७८
जम्मा					**५१५८६**

अनियमित भएको	५१,५८६

५१ **प्रविधिक मूल्यांकनः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-६** को निर्णयले रू **६२,०५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-६** को निर्णयले रू **४९,२८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५२ **छडिभेल झरना पर्यटकिय सुधार**

५२.१ सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम ३ मा खरीदको आर्थिक स्रोत रकमको पहिचान गरी खरीद कारवाहिको तयारी गर्नुपर्ने उल्लेख छ ।यसबर्ष प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) अन्तर्गत पालिकालाई छडिभेल झरना पर्यटकिय सुधार कार्यक्रमको लागि रु.५० लाख वजेट विनियोजन गरेकोमा पालिकाले आन्तरीक वजेटबाट वजेट विनियोजन नगरेको कारण प्रदेश समपुरक वजेटको गो.भौ.५४।०८२।१।२४ बाट रु.१२८८७०२।-मात्र खर्च गरेको छ । पालिकाले स्रोतको पहिचान गरेर मात्रै खरीद प्रकृयाको थालनी तथा खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ । सो सम्वन्धि अन्य विवरणहरू निम्नानुसार छन ।

समपुरक अनुदान सम्बन्धि कार्यविधि २०७५ को दफा १० मा प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालित आयोजना/ कार्यक्रम दफा ४ बमोजिमको प्रस्तावमा तोकिएको अवधिभित्र सम्पन्न गर्नु पर्नेछ। 'सो अवधिभित्र आयोजना/कार्यक्रम सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना/कार्यक्रम प्रदेश वा स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ । पालिकाले सो आयोजनाको लागि रु.९९९२६४७।४२ को लागत अनुमान तयार गरी २०८१।१२।८ मा सूचना गरेकोमा कम कवोल गर्ने फर्म सहसलिङ्ग निर्माण सेवासँग २०८२।३।२० सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८२।१।२४ मा रु.७३७१३२९।२३ मा सम्झौता गरेको पाईयो । पालिकाले निर्माण कार्यमा केहि आईटमहरू थपघट भएको जनाई २०८२।३।१५ मा भेरीएसन आदेश स्विकृत गरेकोमा नयाँ सम्झौता रकम मू.अ.कर वाहेक रु.६४२६१५२।७९ कायम गरेको छ । निर्माण व्यवसायीले सो निर्माण कार्यको प्रथम रनिङ्ग विल रु.२५७७४०५।०४ को पेश गरेकोमा पालिकाको प्राविधिकबाट सोहि अनुसारको नापजाँच गरी प्रदेश समपुरक वजेटको गो.भौ.५४।०८२।१।२४ बाट रु.१२८८७०२।-भुक्तानी दिएकोमा पालिकाको योगदानको हुने रकम रु.१२८८७०२।-लेखापरीक्षण अवधी (२०८२।५।७) सम्म पनि कार्य गराई भुक्तानी गरेको अवस्था छैन । यसरी सो योजनाको निर्माण कार्यसम्पन्न नभएको, म्याद थप नभएको एवं अलपत्र हुने अवस्थामा रहेकोले कार्यसम्पन्न सहित पालिका योगदानको रकम रु.१२८८७०२।-को खर्चको प्रमाण पेश हुनुपर्दछ, रु.

प्रमाण पेश नगरेको	१२,८८,७०२

५२.२ सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम को नियम १२१ तथा सम्झौताको शर्त वमोजिम आपूर्तक वा निर्माण व्यवसायीले सम्झौता अवधिमा सम्झौता अनुसारको सामान कार्य नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ति असूल गर्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले सो निर्माण कार्यको सम्झौता अनुसारको कार्य सम्पन्न नगरी रु.२५७७४०५।०४ को मात्रै विल पेश गरेकोमा वाँकि कार्यको कार्य हुन सकेको छैन भने म्याद थपको निवेदन पेश नगरेको एवं म्यादथप नभएको अवस्था छ । पालिकाले बाँकि कार्य रु.३८४८७४७।७५ को कार्यसम्पन्न गराई ढिला कार्यगर्ने निर्माण व्यवसायीलाई जिम्मेवार वनाई पूर्वनिर्धारीत क्षतिपूर्ति समेत असूल गर्नुपर्दछ ।

५२.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा निर्माण व्यबसायी वा आपूर्तिकर्ताबाट सम्झौता बमोजिम त्रुटी सच्चाउने कार्यसम्पादन जमानत लिनुपर्ने व्यबस्था रहेको छ । निर्माण व्यवसायी सहसलिङ्ग निर्माण सेवाले २०८३।४।२० सम्मको ग्लोवल आई.एम.ई.बैकको रु.८२२०००।-कोकार्यसम्पादन जमानत राखी सम्झौता गरेकोमा हाल सो कार्यसम्पादन जमानतको अवधि पर्याप्त रहेको अवस्था देखिदैन । अतः निर्माण व्यवसायीले अद्यावधिक कार्यसम्पादन जमानत थपको गरेको प्रमाण पेश गरी निर्माण कार्यको सुनिश्चितता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	८,२२,०००

५३ **पौराणिक देवी मन्दिरको भौतिक सुधार कार्य**

५३.१ यसबर्ष संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) अन्तर्गत रु.१८ लाख वजेट विनियोजन भएको पाईयो । पालिकाले सो वजेटबाट पौराणिक देवी मन्दिरको भौतिक सुधार कार्यको लागि रु.२४१४३३४।९५ को लागत अनुमान तयार गरी २०८१।९।१९ मा सूचना आव्हान गरेको पाईयो । सूचना अनुसार पर्न आएका ३ वोलपत्रहरू मध्ये कम कवोल गर्ने फर्म नमादेउ निर्माण सेवासँग मा २०८२।३।१० सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८०।११।१२ मा सम्झौता गरेको देखियो । सो कार्यको लागि प्रथम रनिङ्ग विलको हुने रकम गो.भौ.१०१।०८२।३।२५ बाट रु.११८९०७१।-भुक्तानी दिएको छ सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन ।

५३.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम को १२१ तथा सम्झौताको शर्त वमोजिम आपूर्तक वा निर्माण व्यवसायीले सम्झौता अवधिमा सम्झौता अनुसारको सामान कार्य नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ति असूल गर्नुपर्ने उल्लेख छ । उल्लेखित निर्माण व्यवसायीले सम्झौता अनुसारको कार्य समयमा नगरेको तथा २०८२।३।१० सम्मको म्यादथप नभएकोमा लेखापरीक्षणको अवधी २०८२।५।८ सम्म पनि कार्यसम्पन्न हुन सकेको छैन । अतः सम्झौतामा उल्लेखित शर्त अनुसार समयमा कार्य सम्पादन हुनु पर्दछ ।

५३.३ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२७२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५३.४

प्रमाण पेश नगरेको	९५,७५७

५४ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरेको नदेखिएकोमा स्वीकृत दरवन्दी वेगरका देहायका पदमा निम्नानुसार कर्मचारी करार नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेको पाइयो। करारमा स्वीकृत दरबन्दी बेगर कर्मचारी नियुक्त गरी रु.४३९४२२०।-भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु.

पदको नाम	स्वीकृत दरवन्दी	पदपूर्ति	दरबन्दी खाली	दरबन्दी भन्दा बढी पदपूर्ति	तलवस्केल	बढि खर्च
ज.स्वा.नि./अ.हे.व./सि.अ.हे.व	२०	२३	२	५	२५०००	१६७५०००
सि.अ.न.मी./अ.न.मी.	१६	२३	०	७	२५०००	२३४५०००
ल्याव असिष्टेण्ट	०	१	०	१	२६७३०	३७४२२०
जम्मा						**४३९४२२०**

अनियमित भएको	४३,९४,२२०

५५ **गत विगतको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी भुक्तानी दिनुपर्ने देखिन्छ। पालिकाले यसबर्ष शान्ती मा.वी पाराकाट्यामा

कार्यरत प्रा.शि.द्वि.राम बहादुर भण्डारीको २०७१ श्रावण देखि २०८१ पौषसम्मको ग्रेड छुट भएको जनाई वजेटमा व्यवस्था नगरी तथा भुक्तानी दिन बाँकिको विवरण वेगर गो.भौ.१४८।०८१।१२।१९ बाट रु.१७९६४३।-विद्यालयमा निकासा दिएको छ । यसरी वजेटमा व्यवस्था नगरी तथा भुक्तानी दिन बाँकिको विवरण वेगरको खर्च रकम नियमसम्मत नदेखिएको, रु.

अनियमित भएको	१,७९,६४३

५६ **पेश्की बाँकी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाले देहायको संस्था तथा फर्महरूलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.३९५०००।-फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

क्र.सं	गो.भौ	फर्म ।संस्था	कार्य विवरण	म्याद नाघेको
२	१५४।२०८२।०२।१६	बानु कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग सोलुसन	सडक बोर्डको साझेदारीमा सडकमर्मत	१७००००
३	१९२।२०८२।०३।११	वेष्ट सेति बिल्डर्स प्रा लि	खडीतोला डिसी जैशीगाउँ गण्डाउली सडक	२२५०००
जम्मा				**३९५०००**

पेश्की	३,९५,०००

५७ **कार्यस्थल सुरक्षा सामाग्री खरीदः**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **६,४०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५८ **पोशाक खर्च**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५९ **थप पाठ्यपुस्तक वितरणः**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ को ३.१ मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा कक्षा ११-१२ का लागि प्रथम त्रैमासिक भित्र तथा कक्षा १-१० सम्म तेस्रो त्रैमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक को रकम अनुदान दिने उल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०८२ बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरीदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम पुनः विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था छ। पालीकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार प्रथम किस्ता ७५% गो.भौ.१३३।०८१।११।२७ बाट रु.२१२६६५०।-र पुनः थप निकासा गो.भौ.२४८।०८२।३।१२ बाट रु.४३२९२०।-गरी जम्मा रु.२५५९५७०।-विभिन्न विद्यालयहरुलाई मागका आधारमा निकासा दिएकोमा त्रिभुवन आधारभूत विद्यालयलाई IEMIS मा भएको तथ्याङ्क भन्दा रु.१०,०४७।०० बढी निकासा दिएको पाईएकोले बढी निकाशा भएको रु. १०,०४७।००- विद्यालयबाट असूल हुनुपर्ने रु.

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **३,८१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२०,६३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१७,०४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **८,४२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **८,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२,३९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१०,६४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **२८,१९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१०,०४७

६० **प्रति विद्यार्थि लागतः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-६** को निर्णयले रू **१९,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६१ **औषधी खरीदः**

६१.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकालाई यसबर्ष औषधी खरीदमा संघिय शशर्तबाट रु.११३२०००।-विनियोजन भएको तथा पालिका चालुबाट रु.१३०००००।-विनियोजन गरी जम्मा रु.२४३२०००।-वजेट रहेको पाईयो । पालिकाले औषधी खरीदको लागि बार्षिक खपतको परीमाणको आधारमा लागत अनुमान तयार गरी खरीद गर्नुपर्ने देखिएकोमा पालिकाको बार्षिक खपतको पुर्वानुमान तयार गरेको छैन । पालिकाले ६९ आईटम औषधी खरीदको लागि तिन वटा फर्मको दरभाउपत्र लिई सो मध्ये प्रत्येक औषधीमा कम कवोल गर्ने दरबाट लागत अनुमान रु.२४३११८३।-तयार गरी २०८१।६।२२ मा स्विकृत गरेको छ । पालिकाले सोहि लागत अनुमानलाई आधार मानि २०८१।६।२३ मा शिलवन्दी दरभाउपत्रको सूचना प्रकाशन गरेको छ । सो सूचना अनुसार नियमानुसार तिन फर्मको नभई दुई फर्मको मात्र वोलपत्र परेको जनाई पुनः २०८१।७।१४ मा सूचना गरेकोमा दुई फर्मको वोलपत्र परेको देखियो । सो मध्ये कम कवोल गर्ने फर्म केवलेश्वर मेडिसेल्सको कवोल अंक मू.अ.कर सहित रु.१४२५०९६।-(४१.०२%) स्विकृत गरेको पाईयो । सो सम्वन्धमा देखीएको व्यहोरा निम्नानुसार छन ।

६१.२

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **४६८,६१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६१.३ • खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको प्रमाण समावेश नभएको ।

• आपूर्ति भएका औषधी एंव सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको प्राविधिकबाट जाँच गरेको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, पालिका बाट निशुल्क वितरणको लोगो नभएको ।

• औषधि भण्डारण गर्दा सामानको व्याज र म्यादको आधारमा सामान राखि सोही अनुसार ELMIS मा सामान राखेको ठाउ खुल्ने गरी ईन्ट्री नगरेको तथा सामाग्री अव्यवस्थित तरिकाले राखेकोले व्यवस्थित गरी भण्डारण गर्नु पर्ने।

• औषधि निकासाको लागि FIFO Method प्रणाली अपनाएको देखिएन ।

• औषधिको आवश्यक्ता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधि सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधि, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेत यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नु पर्नेमा तथ्यांङ्क वेगर पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधि खरिद गरेको छोटो समय मै खर्च देखाउने, पालिकाद्धारा वा सरकारबाट निशुल्क वितरण गर्ने भनि उल्लेख नगर्ने, औषधिको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई खरिद र भुक्तानी गरेकोले यस्तो भुक्तानी पारदर्शि र प्रतिस्पर्धि हुन नसकेको ।

• स्टोरमा औषधि भण्डारणको अवस्था तथा मौज्दात हेर्दा खरिद तथा प्राप्त भएअनुसारको औषिध रहेको विश्वस्त हुन सकिने आधार छैन । पालिकाबाट औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ । स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्चगरी औषधिको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट औषधी वितरणको अनुगमन समेत गर्नुपर्दछ । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ । आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नु पर्ने तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको हुनु पर्दछ । खरिद भएका औषधिहरुको दाखिला गरी माग अनुसार वितरण गर्नु पर्नेमा सबै निकासा जनाएको तर अभिलेख राखेको छैन। पालिकाबाट औषधि खरिद गरेको कुनै पनि विलमा औषधिको ब्याच र म्याद उल्लेख नभएको तथा स्टोरमा उक्त औषधि

सम्बन्धमा यकिन हुन नसकिएकोले औषिध खरिद भएको, रूजु भएको र संस्थामा निकासा भएको अभिलेख, खर्च र मौज्दात विवरण सहित प्रमाण पेश गर्नुपर्दछ ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरुको जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६२ ICT ल्याब व्यवस्थापनः

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **६४९,९०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६३ पूर्वनिर्धारीत क्षतिपूर्ति

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **९,५४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **११७,९४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६४ जिन्सी दाखिला नभएको

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१३६,८९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६५ नापी भन्दा बढी भुक्तानी

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१५,२१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **३,८२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६६ जिन्सी निरीक्षण तथा व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५, ९६ र ९९ मा जिन्सी व्यवस्थापन सम्बन्धी व्यवस्था छ । उक्त व्यवस्था अनुसार कार्यालयले जिन्सी प्रतिवेदनमा उल्लेख भएका सामान मर्मत गर्नुपर्ने भए ३ महिना भित्र र लिलाम गर्नुपर्ने भए ६ महिना भित्र लिलाम गरी सक्नुपर्दछ । महालेखा नियन्त्रक कार्यालयले २०७७।०८।०७ मा २०७७।०९।०७ भित्र सवै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस भित्र देखिएका देहायका व्यहोराहरू रहेका छन्:

• कार्यालयले गत विगत आर्थिक वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका सामानहरूको पूर्ण रूपमा Public Asset Management System (PAMS) मा प्रविष्ट गर्नुपर्नेमा सो अद्याविधिक गरेको पाइएन । पालिकाले अनिवार्य रुपमा जिन्सी दाखिला गरी जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिस्सी व्यवस्थापन गर्नुपर्दछ । पालिकाले जिन्सी निरीक्षण गराई प्रतिवेदन लिने गरेको पाइएन । जिन्सी निरीक्षण गरी सामानहरूको मर्मत तथा लिलाम गर्नुका साथै जिन्सी अद्यावधिक गर्नुपर्छ ।

महालेखा नियन्त्रक कार्यालय परिपत्र अनुसार आ.व. २०८१।८२ देखि Public Asset Management System (PAMS) लाई भर्जन एक (V1) बाट भर्जन दुई (V2) लागू गरिसकेको छ । यस पालिकाले गत आर्थिक वर्षको मौज्दातमा देखिएका खर्च भएर जाने (नखप्ने) जिन्सी सामानहरु V1 बाट V2 मा Migration गर्दा निम्नानुसारका जिन्सी सामानहरू अद्यावधिक भएको देखिएन ।

क्र.स.	जिन्सी सामानहरु	V1 मा देखिएका मौज्दात	V2 मा अद्यावधिक	रकम
१	Natural Batisa	२४०	०	७६५०
२	Rumetoplus pow	६००	०	१८०००
३	अमिला विजु	३००	०	९०००
४	उन्नत जातको बोका	८	०	२६४०००
५	ड्रम (प्रिन्टर, फोटोकपी मेशिन	४	०	९८२२८
६	नेपाल ऐन संग्रह खण्ड १	१६	०	८४००
७	नेपाल ऐन संग्रह खण्ड १६	१२	०	४६२०
८	नेपाल ऐन संग्रह खण्ड २०	२०	०	६०००
९	नेपाल ऐन संग्रह खण्ड २	५	०	२३००
१०	नेपाल ऐन संग्रह खण्ड ४	१२	०	६७२०
११	नेपालको परिचय	१२	०	४२००
१२	नेपाल सार्वजनिक खरिद ऐन	२२	०	४२००
१३	नेपालको संविधान	१५	०	१९५०
१४	नेपालको संविधान	४०	०	५२००
१५	पर्दा	१४	०	११९००
१६	पि फम	९५	०	५६५००
१७	बल पेन	४४	०	७०४०
१८	बल्ब, ट्युबलाइट	१४	०	४३०८०
१९	भ्रष्टाचार निवारण ऐन	१२	०	८३४०
२०	मैनवत्ती	४०	०	४४००
२१	रेनकोट	११	०	३६२००
२२	बेल्चा	५	०	३२५०
जम्मा				**६१११७८**

६७ **पारिश्रमिक कर**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **४,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **३,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **३,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६८ **पाइप प्रयोगको अवस्था नखुलेको**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२४५,७०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६९ **अतिरिक्त भत्ता भुक्तानी**

सदुरपश्चिम प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७९ को दफा ११ मा आर्थिक मामिला मन्त्रालयको स्वीकृति विना सार्वजनिक निकायले प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खानाखाजा भत्ता लगायतका कुनै प्रकारका भत्ता वितरण गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.४७२।०८२।०३।०८ मा लिजा र फ्राको अभिमुखिकरण तथा कागजपत्र सिष्टममा अपलोड गरे वापतको देहायका ५ जना कर्मचारीलाई अतिरिक्त भत्ता भुक्तानी गरेकोले कार्यविधि विपरितको भत्ता नियमसंगत नदेखिएको रु.

कर्मचारीको नाम	**पद**	**जम्मा रकम**
केशवराज जोशी	प्रशासन अधिकृत	१०२००
प्रकाश भण्डारी	सु प अ	१०२००
संगित रोकाया	ईन्जिनियर	५९५०
हेमन्त चन्द	कम्प्युटर अपरेटर	१०२००
हर्क बहादुर थापा	आलेप	५९५०

अनियमित भएको	४२,५००

७० **योजना अनुगमत भत्ता**

सार्वजनिक खर्चमा मितव्ययिता तथा प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन,२०७५ ले खर्चमा किफायती तरिका सुझाएको छ । पालिकाले गोश्वारा भौचर नं ३२१।०८२।०३।२५ मा पालिका भित्रको विभिन्न योजनाहरुको अनुगमन गरेको जनाई ६ जना कर्मचारीलाई गरी रु.२४५७५०।-भुक्तानी गरेको छ । यसरी आफ्नो पालिका भित्र अनुगमन गरी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको, रु

अनियमित भएको	२,४५,७५०

७१ **सम्झौता अनुसार कार्य नभएको**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७२ **कोटेशन वेगर खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक आपूर्तिकर्ताबाट एक आर्थिक वर्षमा १० लाख रुपैया सम्मको मालसमान सोझै खरिद गर्न सकिने व्यवस्था छ । उपनियम १ मा यसरी खरिद गर्दा एक आर्थिक वर्षमा एउटै फर्म तथा व्यक्तिवाट सो सिमा भन्दा बढी खरिद गर्न नसकिने तथा न्यूनतम तीन जना सँग कोटेशन माग गरी खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका भौचरबाट खरिद कार्य गर्दा कोटेशन नगरि खरिद गरेको देखिएकोले सार्वजनिक खरिद कानुन बमोजिम न्यूनतम तीन कोटेशन नगरि खरिद गरेको रकम नियमसंगत नदेखिएको, रु.

गोश्वारा भौचर नं	खर्च शिर्षक	सप्लायर्स	खरिद सामग्री	रकम
५२८	वडा नं.६ कार्यलयको लागि वाद्यबाधन सामाग्री		खैजडि हार्मोनियम लगायत	१०९९४९
जम्मा रकम				**१०९९४९**

अनियमित भएको	१,०९,९४९

७३ **संघिय र स्थानीय कार्यक्रममा दोहोरोपना**

संघीय सरकाले स्वास्थ्यतर्फको सशर्त कार्यक्रम अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको यातायात तथा प्रोत्साहनका लागि आर्थिक वर्ष २०८१।८२ मा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत बार्षिक सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई जनही रु.१२०००।-का दरले यातायात भत्ता प्रदान गर्ने गरेकोमा पालिकाले समेत गोश्वारा भौचर नं ५०।०८२।०३।०१ सोहि कार्यक्रमको लागि प्रति स्वयंमसेविका बार्षिक रु.१२०००।-को दरले ४५ जनालाई रु.५४००००।-यातायात भत्ता भुक्तानी गरेको छ। स्थानीय तहले समेत सोही कार्यक्रमको लागि समान लक्ष्य बोकेका कार्यक्रमहरूमा बजेट विनियोजन नगरि एवं नजुध्ने गरी समन्वयात्मक ढंगले गर्नुपर्ने देखिन्छ। यसरी दोहोरो पर्ने गरी वजेट विनियोजन र खर्च गरी बढी व्ययभार परेको रकम नियमसम्मत नदेखिएको, रु.

अनियमित भएको	५,४०,०००

७४ **नर्म्स भन्दा बढी प्रशिक्षक भत्ता**

अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका, २०८१ मा तालिम केन्द्र बाहेकको निकायले तालिम संचालन गर्दा अधिकृतस्तरको कर्मचारीको लागि कार्यपत्र वापतको प्रति दिन रु.१०००।-र कक्षा संचालन वापतको प्रति सेसन रु.४००।-को दरले प्रशिक्षक भत्ता रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायको भौचर नं बाट पालिकाले संचालन गरेको विषयगत तालिममा देहायका प्रशिक्षकलाई नम्स भन्दा बढी प्रशिक्षक भत्ता भुक्तानी गरेको छ । अर्थ मन्त्रालयबाट स्वीकृत नर्म्स भन्दा बढी रु.१९०४०।-भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

गो.भौ.र मिति	प्रशिक्षक	भुक्तानी हुनुपर्ने	भएको	फरक	जम्मा सेसन	बढी भुक्तानी रु
२८।०८२।०३।०३	मनिराम घिमिरे	१४००	३०००	१६००	१४	१९०४०
जम्मा रकम						१९०४०

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१९,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१९,०४०

७५ **विल पेश नभएको**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१२,७१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७६ **स्यानिटरी प्याड खरीद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नपर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले विद्यालयहरूको लागि आवश्यक १६५४० स्यानिटरी प्याड खरीदको लागि मू.अ.कर वाहेक रु.१२५८९३३।-को लागत अनुमान शिलवन्दि दरभाउपत्रको माध्यमबाट कम कवोल फर्म जस्मिन हाईजिन प्रा.लि.बाट खरीद गरी गो.भौ.२८५।०८२।३।२२ बाट रु.८१८४२८।-भुक्तानी गरी आषाढ १५ मा विद्यालयहरूलाई वितरण गरेको छ । पालिकाले विनियोजित वजेटबाट तोकिएअनुसारको खरीद गरी समयमा नै लाभग्राहिलाई सेवा उपभोगको वातावरणको सृजना गर्नुपर्नेमा बर्षान्तमा खरीद गरेकोले समयमा नै कार्यक्रम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७७ **अनुत्पादक खर्च**

सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७९ को दफा २६ खर्चको कार्यविधि र मापदण्डको उपदफा २ मा सरकारी रकम गर्दा गर्दा अधिकतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर कायम हुनेगरि मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । साथै स्थानीय तहले कार्यक्रम छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आय आर्जनसंग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनौटमा ध्यान दिनुपर्दछ । पालिकाले देहाय लगायतका भौचरबाट सार्वजनिक रकम खर्च गर्दा उचित प्रतिफल प्राप्त हुने तथा दिगो रोजगारी दिने क्षेत्रमा बजेट विनियोजन नगरि अनुत्पादक खर्चमा बजेट खर्च गरेको देखिन्छ । सिमित श्रोतको उचित प्रयोग गर्दै सार्वजनिक खर्चलाई प्रतिफलमुखी बनाउन विकासका योजनामा बजेट विनियोजन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

गोश्वारा भौचर नं र मिति	भुक्तानी पाउने	खरिद सामग्री	रकम
५२८।०८२।०३।१९	वडा नं ६ कार्यालयको लागि वाद्यबाधन खरिद	खैजडी हार्मोनियम मादल मुजुरा लगायत	१०९९४९
५४८।०८२।०३।२०	वडा नं ९ मा पञ्चेवाजा खरिद	दमाहा दाइनो सनाइ झयाली	१५००००
५७१।०८२।०३।२४	वडा नं ७	गुनियो चोली र डिजे खरिद	१२००००
२४०।०८२।०३।१९	वडा नं ६	डुडेमाडु साझा भाडाकुडा खरिद	८७३२२

७८ **डि.पि.आर खर्चः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२, परिच्छेद-६, नियम ८४ र नियम ८५ अनुसार वोलपत्र, सिलवन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद गर्ने व्यवस्था तथा खरिद आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययनमा यो वर्ष १० शैयाको अस्पताल निर्माण डिपिआरको लागि रू.९४५०००।-खर्च गरेको छ। यसरी डिपिआर तयार गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। त्यस्तै पालिकाले डिपिआर तयार गरेपश्चात सोको स्वास्थ्य मन्त्रालयबाट पुनरावलोकन गराई स्विकृति लिएको देखिदैन । यसरी तयार डिपिआरको पुनरावलोकन गराई कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यलयले ध्यान पुर्‍याएको छैन। यस सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

७९ **मू.अ.कर समायोजन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५(८) मा लेखाउत्तरदायी अधिकृतले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । पालिकाले बाबु कन्सट्रक्सन एण्ड ईन्जिनियरीङ्ग सोलुसन प्रा.ली.लाई गो.भौ.८।०८२।३।२५ मा भुक्तानी दिंदा

मू.अ.कर रकम रु.१२५४८।-कट्टा गरी भुक्तानी दिनुपर्नेमा कट्टा गरेको नपाईएको भनि उल्लेख गरेकोमा लेखापरीक्षण अवधीसम्म पनि प्रमाण पेश भएको छैन । अतः सोको मू.अ.कर समायोजन पेश हुने रु.

प्रमाण पेश नगरेको	१२,५४८

८० अनुगमन भत्ता

५।२०८२।३।२५ सुदुर पश्चिम आर्थिक कार्यविधि नियमावलीको नियम ४३ मा कुनै अधिकार प्राप्त अधिकारीले आफुलाइ वा कुनै खास व्यक्ति वा वर्गलाइ फाइदा पुग्ने गरी सरकारी धन खर्च गर्न नहुने व्यवस्था छ। पालिकाले कार्यालय र कार्यक्रमसँग असम्वन्धित निम्नानुसारका पदाधिकारी तथा कर्मचारीलाइ अनुगमन भत्ता दिएको कार्यविधि अनुरुप नदेखिएकोले सम्वन्धित व्यक्तिलाइ दिएको अनुगमन भत्ता असुल गर्नुपर्ने रु.

नाम	रकम
प्रनानी पदम सिंह वडाल	८०००
प्रवह भवान सिंह कुंवर	७५००
नागरिक समाज अध्यक्ष धर्मजंगवहादुर सिंह	८०००
कास प्रविन कडाल	६०००
जम्मा	**२९५००**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२९,५००

८१ सम्पत्तिको विवरण लेखांकन

गाउंपालिका वडाकार्यालयहरु र स्वास्थ्य संस्थाहरुको स्वामित्वमा रहेको भवन जग्गा सवारी साधन फर्निचर विद्धुतिय समान क्यामेरा लगायत सम्पूर्ण जिन्सीसामानहरुको व्यवस्थित अभिलेख राखि अध्यावधिक गरेको देखिएन।यसरी जिन्सी सामानको व्यवस्थित लेखांकन नहुंदा जिन्सी मालसामान हराउने र हिनामिना हुन सक्ने हुंदा खरिद गरिएका सामानहरुको प्रकृति अनुसार व्यवस्थित अभिलेख राखि जिन्सि खाता अध्यावधिक गर्नु पर्दछ।

८२ अग्रिमकर

आयकर ऐन २०५८ को दफा ८७, ८८ र ८९ अनुसार भुक्तानीमा अग्रिमकर काटनु पर्ने व्यवस्था रहेको छ। निम्नानुसारको भुक्तानीमा अग्रिमकर कट्टि भएको नदेखिएकोले कर कट्टि गरी दाखिला गर्नु पर्ने देखिएको रु.

भौन।मिति	फर्म।व्यक्तिको नाम	भुक्तानी रकम	कट्टि गर्नुपर्ने अग्रिमकर
५११।२०८२।३।१६	रेखादेवी विक	२५०००	३७५०
जम्मा			३७५०

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **३,५२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **३,४६५** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **३,३४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **४,७०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१,०९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	३,७५०

८३ **वढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५(८) मा लेखाउत्तरदायी अधिकृतले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फछर्यौट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । तर आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरीएको निम्नानुसारको बढी भुक्तानी भएको रकम औल्याएको वेरुजू रु.२४२००।-असुल फछर्यौट नभएकोले असुल गर्नु पर्ने रू.

भौन ।मिती	**वेरुजू व्यहोरा**	**असुल हुने रु.**
५४४।२०८२।३।१९	न्यु चन्द फेन्सी स्टोर्सले फुटवल खेल सामग्री तथा जर्सी वापतको भुक्तानीमा दोहोरो भुक्तानी हुन गएको	२४२००
जम्मा		२४२००

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **३,२४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-६** को निर्णयले रू **७,९६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **२,९०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२४,२००

८४ **प्रशासनिक भवन निर्माण**

८४.१ अनुमान रु.३०५८७८६५।-रहेको पालिकाको भवन पहिलो तला र दोश्रो तला निर्माण कार्य अनमोल सिविआर जेभिले कवोल गरेको रु २४३७५८०२।०२ मा ०८१।७।२० भित्र सम्पन्न गर्ने गरी मिती २०८०।२।१७ मा सम्झौता भएको र चौथो र पांचौ विलवाट समेत रु.११२५१५५१।४१ खर्च लेखेकोमा निम्न व्यहोरा देखिएका छन।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) अनुसार ऐनको दफा ५६ वमोजिमको अवस्था परि खरिद सम्झौता वमोजिमको काम त्यस्तो सम्झौताको अवधी भित्र पुरा गर्न नसकिने भएमा सम्वन्धित निर्माण व्यावसायी आपुर्ति कर्ता सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाइ खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तिमा २१ दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक

प्रमाण कागजाद संलग्न गरी सम्वन्धित सार्वजनिक निकायमा अवधि थपको लागी निवेदन दिनु पर्ने व्यवस्था छ। निर्माण व्यावसायिले ढिलाइ गरी कार्यसम्पन्न नगरेको अवस्थामा म्याद थपका लागी निवेदन दिएको देखिएन।

८४.२ सार्वजनिक खरिद नियमावली २०६४, को नियम १२१(क) अनुसार आपुर्तिकर्ता परामर्श दाता सेवा प्रदायक वा निर्माण व्यावसायिको ढिलाइको कारणले खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाइ सम्झौता रकम रु.२४३७५८०२।०२ को दश १० प्रतिशतमा नवढने गरी साधारण तया प्रतिदिन सम्झौता रकमको ०.०५% पूर्व निर्धारित क्षतिपुर्ति दिनु पर्ने व्यवस्था छ। निर्माण व्यावसायी अनमोल सिभिआर् जेभि संग मिती २०८०।२।१७ मा सम्झौता गरी मिती २०८१।०७।२० सम्ममा सम्पन्न गर्नु पर्ने सम्झौतामा उल्लेख भएकोमा निर्माण व्यावसायीको ढिलाइको कारणले मिती २०८१।९।६ मा सम्पन्न भएको देखिएको छ।यसरी सम्पन्न गर्नु पर्ने अवधी भन्दा ४७ दिन ढिलाइको कारण प्रतिदिन रु.१०७८६।-का दरले हुने रु.५०६९३०।-क्षतिपुर्ति असुल गर्नु पर्नेमा रु.४७३६२०।-मात्र क्षतिपुर्ति असुल गरेकोमा नपुग रु.३३३१०।-असुल गर्नु पर्ने देखिएको रु.

असुल गर्नुपर्ने	३३,३१०

८४.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२ को १(घ) अनुसार आपुर्ति गरिएको मालसामान वा सेवाको विवरण वा सम्पन्न भएको निर्माण कार्यको नाप,आकार,परिमाण र मुल्यका आधारमा भुक्तानी गरिनु पर्दछ। निर्माण व्यावसायी अनमोल सिभिआर जेभिले पेश गरेको विल अनुसार प्राविधिकबाट नापी कितावमा चढाएको निम्नानुसारको आइटममा अन्तिम विलको भुक्तानी हुँदा फरक परेको देखिएकोले उक्त परिमाणको वढी भुक्तानी रकम रु.४३२६००।-असुल गर्नुपर्ने देखिएको रु.

कामको विवरण	**नापजांच अनुसार हुनुपर्ने परिमाण**	**नापजांच अनुसार भएको परिमाण**	**वढी परिमाण**	**परिमाण दर**	**वढी भुक्तानी**
व्रिक मेसिनरी इनरवाल पहिलो तला	४६.७५	५४.०१	७.२६	२००००	१४५२००
इनरवाल पार्टेसन	५.२८	१७.५२	१२.२४	२००००	२४४८००
आउटरवाल दोश्रो तला	३०.९३	३२.०२	१.०९	२००००	२१८००
स्टेयर कभरकेश	६.०४	७.०८	१.०४	२००००	२०८००
जम्मा					**४३२६००**

असुल गर्नुपर्ने	४,३२,६००

८५ सार्वजनिक सुनुवाइ कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली २०७७,को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भर्पाइ प्रमाण कागजाद संलग्न गर्नुपर्ने व्यवस्था छ।यसै नियमावलीको ३९ (१०) अनुसार भुक्तानी दिन अगाडी विल भर्पाइ जांच गरी रित पुगे नपुगेको परीक्षण गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ। तेश्रो आँखा राष्ट्रिय साप्ताहिकलाइ आर्थिक वर्ष २०८०।०८१ को वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रमका लागी रु.२०००००।-पेश्की दिइ फछर्यौट गरेकोमा उक्त संस्थाले पेश्की फछर्यौट गर्दा पालिकामा गतिविधिहरु भएको झलक पुस्तक प्रकाशित गरी सोको आधारमा पेश्की फछर्यौट गरेको छ । सो गोष्ठिमा छलफल भएका विषयवस्तुहरु सहभागीहरुको उपस्थिति छलफलको माइन्युट समेत संलग्न नराखी पेश्की फर्छयौट भएको देखिएकोले यसरी खर्चलाइ पुष्ट्याइ गर्ने आधार पेश हुन नआएकोले यसरी भुक्तानी भएको रकम अनियमित भएको देखिएको रु.

अनियमित भएको	२,००,०००

८६ एम्वुलेन्स आम्दानी

८६.१

रसिद नियन्त्रण खाता - पालिकाले राजस्व असुलीमा प्रयोगहुने रसिदको दुरुपयोग हुन नदिन रसिद नियन्त्रण खाता मलेप फान ९०४ तयार गरी राख्नुपर्नेमा सो वमोजिम रसिद नियन्त्रण खाता राखेको छैन। जसवाट पालिका संग रहेको विगतको वांकी नगदी रसिद यस वर्ष छपाइ भएका रसिद तथा यसवर्ष विभिन्न वडा तथा पालिकाको राजस्व शाखालाइ उपलव्ध गराएको रसिद के कति संख्यामा रहेका थिए यकिन गर्न नसकिएको हुंदा रसिदको प्रयोगवाट उठेको राजस्व यकिन गर्न सकिएन।यस सम्वन्धमा पालिकाले सवै वडा तथा पालिकाको राजस्व शाखामा वास्तविक रुपमा प्रयोग भएका रसिदहरु यकिन गरी राजस्व आम्दानी सम्वन्धमा सुनिश्चित हुनुपर्दछ।

८६.२ गाउंपालिकाले डोजर व्यक्तिगत प्रयोजनमा प्रयोग गर्दा आर्थिक ऐनले तोके वमोजिम भाडा संकलन गर्नु पर्दछ।गाउंपालिकाले यस वर्ष डोजर भाडामा लगाएको विवरण पेश भएन।यस वर्ष डोजरवाट संकलन भएको आम्दानी समेत खुलेन।कार्यालयले नै डोजर भाडामा लगाएको सम्वन्धमा यकिन गरी आम्दानी असुल गर्नु पर्दछ।

८६.३ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१११,६११.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८७ **मालुमेला शिवालय पर्यटकीय पूर्वाधार निर्माण**

८७.१ लागत अनुमान रु.३२१३७३८।-भएको कार्यालयको अनुदान रु.२६६८८००।-र उपभोक्ता समितिको श्रमदान रु. ५४४९३८।- पूर्वाधार निर्माणका लागी रु.३१४३००८।२३ खर्च लेखेकोमा निम्न व्यहोरा देखिएका छन।

- सम्झौताको बुंदा न १ मा उल्लेख भए अनुसार मिती २०८२।१।११ देखि शुरुगरी मिती २०८२।३।१५ सम्ममा पुरा गर्नु पर्ने उल्लेख भएकोमा मिति २०८२।३।२१ मा सम्पन्न भएको छ।

- सम्झौताको बुंदा नम्वर ३ अनुसार नगदी जिन्सी सामानको प्राप्ती खर्च र वांकी तथा आयोजनाको प्रगति विवरण राख्नु पर्नेमा प्रगति विवरण संलग्न नगरेको

- सम्झौताको बुंदा न १४ मा उल्लेख भए अनुसार आयोजना सम्पन्न भएपछी अन्तिम भुक्तानीका लागि कार्यसम्पन्न प्रतिवेदन नापी किताव प्रमाणित विल भर्पाइ योजनाको फोटो सम्वन्धित उपभोक्ता समितिले आयोजना संचालन गर्दा भएको आयव्ययको अनुमोदन सहितको निर्णय उपभोक्ता भेलावाट भएको सार्वजनिक लेखापरीक्षणको निर्णयको प्रतिलिपि तथा सम्वन्धित कार्यालयको वडाको सिफारिश सहित अन्तिम किस्ता भुक्तानीका लागी निवेदन पेश गर्नुपर्ने उल्लेख भएकोमा उल्लेख भइ आएका सवै प्रकृया पुरा गरेको देखिएन ।

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **३,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८७.२

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१२,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८८ **उद्यम कार्यक्रम**

८८.१ उद्यम विकासका लागी नयां लधुउद्यमी प्राविधिक सिपविकाश तालीम संचालन गरी गाउंपालिका भित्र गरिवी निवारणका लागी अल्पसंख्यक दलित अपाङ्ग जनजाती पिछडिएको वर्ग महिला घरमुली एकल महिला द्वन्दपिडित उर्जाशिल वेरोजगार आदी व्यक्तिलाइ आत्म निर्भर वनाउन पालिकावाट संचालित विभिन्न १२ प्रकारका व्यवसाय शिपमुलक तालिम संचालन गर्दा रु।२३०९५३३।-अह्लो उध्योग प्राविधिक सहयोग सिलाइ मेशिन मा रु.३६३५००।-र अह्लो उध्योग स्थापना ट्रष्टनिर्माणमा रु. ४२७५९५।-समेत जम्मा रु.३१००६२८।-खर्चको सम्वन्धमा निम्न व्यहोरा देखिएका छन।

- कार्यविधिमा उल्लेख भए अनुसार प्रशिक्षार्थी छनौट गर्न विद्धुतिय माध्यमवाट कम्तिमा २१ दिनको म्याद दिइ दरखास्त आव्हान गर्नु पर्नेमा सो प्रकृया पुरा नगरी प्रशिक्षक सम्झौताको आधारमा प्रशिक्षक चयन गर्ने गरेको ।

- उध्यमीहरु छनौट गर्दा लिएको आधार पेश हुन नआएको ।

- तालिम कार्यक्रममा प्रशिक्षण भत्ता वापत रु.३०५७००।-सहभागी भत्ता रु.२४७२००।-र खाजा खर्चमा रु.५३२०८१।-खर्चलेखी भुक्तानी गरेकोमा प्रशिक्षकलाइ १ दिनको रु.२८००।-का दरले प्रशिक्षण भत्ता भुक्तानी गरेकोमा नर्म्स तयार नगरेको ।

८८.२ सहभागीहरुलाइ खाजा खर्च दिएको अवस्थामा सहभागी भत्ता वापत रु.५००।-तथा रु.४००।-का दरले जम्मा रु.२४७२००।-भत्ता समेत भुक्तानी दिने गरेको देखिएकोले सो पाउने आधार पेश गर्ने अन्यथा कार्यक्रम संचालक कविन्द्र विष्टबाट असूल हुने, रु.

प्रमाण पेश नगरेको	२,४७,२००

८९ **झनाना कुच डिख्ला कृषि सडक**

८९.१ (..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **९०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८९.२ सार्वजनिक खरिद नियमावली , २०६४ को नियम १२३ को उपनियम १(ख) अनुसार प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा तथा सम्झौताको दरको आधारमा विल विजकको भुक्तानी दिने उल्लेख छ । तर पालिकाले प्राविधिक नापजांचको आधारमा निर्माण व्यावसायिले पेश गरेको विलमा निम्न आइटममा दर फरक पारी भुक्तानी भएको देखिएकोले निम्नानुसारको वढी भुक्तानी भएको रकम रु.१८७२६३।४० दाखिला गर्नु पर्ने देखिएको रु.

कामको विवरण	**परिमाण**	**हुनुपर्ने दर**	**भएको दर**	**फरक दर**	**वढी भुक्तानी**
नरम माटो खन्ने कार्य	२७९२.४९	११०	१५०	४०	१११६९९.६०
मध्यम ढुंगा चट्टान	८५६.०१	२२०	३००	८०	६८४८०.८०
कडा ढुंगा चट्टान	११८.०१	४४०	५००	६०	७०८३
जम्मा					**१८७२६३.४०**

असुल गर्नुपर्ने	१,८७,२६३.४

८९.३ पालिकाले उल्लेखित योजनाको भुक्तानी गर्दा कट्टा गरेको मुल्य अभिवृद्धिकर रु.१२५४८।-अग्रिम आयकर रु.४८२६।-समेत जम्मा रु.१७३७४।-शिर्षक अनुसारको रकम दाखिला गरेको छैन । सो रकम दाखिला गरी प्रमाण पेश गर्नुपर्ने देखिएको, रु.

असुल गर्नुपर्ने	१७,३७४

९० **सामाजिक सुरक्षाः**

९०.१ सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । सामाजिक सुरक्षामा यो वर्ष रु.९३४३८०४१।९० खर्च भएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:-

(क) एम.आइ.एस प्रणालिमा प्रतिवेदनः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

(ख) पारदर्शिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ । त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानिय तहले भुक्तानी गरेको रकम बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइएन।

(ग) भत्ता वितरणको अनुगमनः सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाको प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

घ) यस कार्यालयको सामाजिक सुरक्षा तथा संरक्षण तर्फको प्रथम र द्धितिय त्रैमासिक सामाजिक सुरक्षा भत्ता बितरण पश्चात बचत हुन गएको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको एकल खाता कोषमा फिर्ता भएको देखिएता पनि तेस्रो र चौथो किस्ताको सामाजिक सुरक्षा भत्ता बितरण भई बाँकी रहेको बास्तबिक रकम कार्यालयको बिवरणमा एकिन हुन सकेन। आगामी दिनमा कार्यालयले पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण पश्चात आगामी त्रैमासिकको लागि रकम निकाशा माग गर्दा अघिल्लो त्रैमासिकमा बचत हुन गएको वास्तविक रकम को.ले.नि.का. एकलखाता कोषमा फिर्ता गरेर मात्र निकाशा माग गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

९०.२ (✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **३,८१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **५,७३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **३६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **३३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-५** को निर्णयले रू **४,९३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१२,९३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **६,६६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९०.३ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **४२,०७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९१ **क्याम्पसलाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा स्थानीय तहले आधारभुत र माध्यामिक विद्यालयको शिक्षा क्षेत्रमा कार्यहरु गर्नसक्ने उल्लेख गरेको छ । पालिकाले स्थानिय सामुदायीक विद्यालयहरुको गुणस्तर अभिवृद्धिको लागि पहलगर्नुपर्नेमा पालिकाले यस बर्ष थलारा बहुमुखि क्याम्पसको मेशिनरीवाल निर्माणको लागि गो.भौ.२८०।०८२।३।२२ बाट रु.४७०५०२।-निकासा दिएको पाईयो । आफ्नो कार्यक्षेत्र भन्दा बाहिर अनुदान दिएको यस्तो खर्च रकम नियमसंगत नदेखिएको रु.

अनियमित भएको	४,७०,५०२

९२ **तिखिला गैहा बुङ्गिजिऊला सिंचाई कुलो निर्माण**

९२.१ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **२,२६६,८९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

९२.२ सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम को नियम १२१ तथा सम्झौताको शर्त वमोजिम आपूर्तक वा निर्माण व्यवसायीले सम्झौता अवधिमा सम्झौता अनुसारको सामान कार्य नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ति असूल गर्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले सो निर्माण कार्यको सम्झौता अनुसारको कार्य सम्पन्न नगरी रु.२५७७४०५।०४ को मात्रै विल पेश गरेकोमा वाँकि कार्य हुन सकेको छैन भने म्याद थपको निवेदन पेश नगरेकोले म्यादथप भएको छैन । पालिकाले बाँकि कार्य रु.३८४८७४७।७५ को कार्यसम्पन्न गराई ढिला कार्यगर्ने निर्माण व्यवसायीलाई जिम्मेवार वनाई पूर्वनिर्धारीत क्षतिपूर्ति समेत असूल गर्नुपर्दछ।

९२.३

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **६०५,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

९२.४ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **६,४३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९३ **लागत साझेदारीमा चूल्हो खरीद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने तथा पेश हुन आएका विल, भरपाई तथा अन्य कागजातलाई खर्च स्वीकृत गर्ने अधिकारीले भुक्तानी गर्नु अघि प्रमाणित गर्नुपर्ने व्यवस्था छ । पालिकाले लागत साझेदारीमा चूल्हो खरीद कार्य गर्नेगरी वडा नं.८ बाट रु.८ लाख वजेट विनियोजन गरेको पाईयो । सो वजेटबाट १६५ सेट ईन्डक्सन चूल्हो, कुकर र कराई खरीद गरी वितरण गरेको भरपाईको आधारमा पालिकाले गो.भौ.३१८।०८२।३।२४ बाट रु.७७५५००।-श्री बझाङ्ग ट्रेड एण्ड सप्लायर्सलाई भुक्तानी दिएको पाईयो । पालिका, उपभोक्ता र साडा नेपाल संस्थाको लागत साझेदारीमा चूल्हो खरीद गरेको पालिकाले जनाएकोमा सो चूल्हो क-कसलाई वितरण गर्ने हो र सोको लागि मापदण्ड के हो, सो सम्वन्धमा पालिका तथा वडा समितिले खरीद गर्नुपूर्व नै निर्णय गरेको छैन । यसरी निर्णय नगरी खर्च भएको पाईएकोले न्यायोचित तवरले लाभग्राहीले सामान प्राप्त गरेको सम्वन्धमा यकिन हुन नसकिएको, रु.

अनियमित भएको	७,७५,५००

९४ **सभाहल निर्माण**

९४.१ पालिकाको वडान ९ सभाहल निर्माण लागत अनुमान रु.२१३२९६२।-भएको पालिकाको अनुदान रु.१७२८०००।-श्रमदान रु.३३२९६२।-सभाहल निर्माणका लागी रु. १६३७५५८।-वजेट खर्च भएकोमा निम्न व्यहोरा देखिएका छन।

- योजना सम्झौताको वुदा नं १ मा उल्लेख भए अनुसार मिति २०८२।२।१८ देखि शुरु गरि २०८२।३।१५ सम्ममा सम्पन्न गर्नुपर्ने उल्लेख भएकोमा कार्यालय प्रमुखले कायदिशमा २०८२।३।२० सम्ममा सम्पन्न गर्नुपर्ने उल्लेख गरेको छ।

- सम्झौताको वुदा न ३ मा उल्लेख भए अनुसार नगदी जिन्सी सामानको प्राप्ति खर्च र वांकी तथा आयोजनाको प्रगती विवरण पेश गर्नु पर्ने व्यवस्था रहेकोमा प्रगती विवरण पेश गरेको छैन।

- सम्झौताको वुदा नं १४ अनुसार आयोजना सम्पन्न भएपछी अन्तिम भुक्तानीका लागी कार्यसम्पन्न प्रतिवेदन नापीकिताव प्रमाणित विल भर्पाइ योजनाको फोटो सम्वन्धित उपभोक्ता समितिले आयोजना संचालन गर्दा भएको आयव्ययको अनुमोदन सहितको निर्णय उपभोक्ता भेलावाट भएको सार्वजनिक लेखापरीक्षणको निर्णयको प्रतिलिपि सम्वन्धित वडा कार्यालयको सिफारिश सहित अन्तिम किस्ताको निवेदन दिनुपर्ने उल्लेख भएकोमा सम्पूर्ण प्रकृया पुरा गरेको देखिएन।

- सम्झौताको वुदा नं १५ अनुसार आयोजना सम्पन्न भएपछी जांचपास गरी फरफारकको प्रमाण पत्र लिनु पर्नेमा सो लिएको देखिएन।

- सम्झौताको वुदा नं १६ मा उल्लेख भए अनुसार आयोजना कार्यान्वियन गर्ने समुह वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तिय प्रगती प्रतिवेदन अनुसूचि ६ को ढांचामा सम्झौतामा तोकिएवमोजिम पेश गर्नु पर्नेमा पेश गरेको देखिएन।

- कार्यालय प्रमुखवाट सम्झौतामा मिती २०८२।३।१५ सम्ममा सक्ने गरि सम्झौता गरेकोमा कार्यदिशमा २०८२।३।२० सम्ममा सम्पन्न गर्ने गरी कार्यादेश दिएको छ।

- पेश भएका विलहरु प्रमाणित गर्ने नगरेको एवं सम्पन्न अवधि पश्चातका विलहरु संलग्न गरी पेश गरेको देखिएकोले हल निर्माणमा भएका विल भर्पाइका खर्चहरु सम्पन्न पश्चातका पेश भएवाट योजनामा भएका खर्चहरुको विश्वास गर्ने आधार भएन।

९४.२ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **३,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९५ रतन बहुउदेश्यिय सहकारी संस्था अनुदान

९५.१ रतन अनन्त बहुउद्वेश्यिय सहकारी संस्थाको उत्पादन र बजार सुदृढिकरण कार्यक्रमः रतन अनन्त बहुउद्वेश्यिय सहकारी संस्थाको उत्पादन र बजार सुदृढिकरण कार्यक्रमको संघीय सरकार विशेष अनुदान शिर्षकमा यसवर्ष रु.१ करोड वजेट विनियोजन भई रु.४९३७५८१।-खर्च भएको छ।विशेष अनुदान सम्बन्धी कार्यविधि २०७७ को बुंदा ३ मा विशेष अनुदान प्रदान गर्न सकिने आधार र क्षेत्रहरुमा सहकारीसंस्थाको उत्पादन र बजार सुदृढिकरण कार्यक्रमको लागि अनुदान प्रदान गरिने व्यवस्था गरेको छैन । त्यस्तै बुँदा ४(३)१ मा आयोजना/कार्यक्रम माग गर्दा खुलाउनु पर्ने कुराहरुमा आयोजना कार्यक्रम संचालन गर्नुपर्ने आवश्यकताको पुष्टयाई, सम्भाव्यता अध्ययन, मापनयोग्य प्रतिफल वा लाभ तथा योजनाको दिगोपना, वित्तिय तथा भौतिक क्षमता वा जनशक्ति लगायतका विषयहरु उल्लेख गरेको छ । कार्यपालिकाले संघीय विशेष अनुदान माग गर्न ५ योजनाहरु प्राथमिकता अनुसार क्रमश: थलारा मावि भवन निर्माण तथा घेरवार, गुगै तथा वेत्तोला खानेपानी, कुच मयल सडक, शेरी जिउला सिंचाई कुलो र रतन अनन्त बहुउद्वेश्यिय सहकारी संस्थाको उत्पादन र बजार सुदृढिकरण कार्यक्रम माग गरेको देखियो । प्राथिमकताको अन्तिममा रहेको तथा विशेष अनुदान कार्यविधिले अनुदान प्रदान गर्न सकिने क्षेत्र भन्दा अन्य योजना/कार्यक्रममा अनुदान प्रदान गर्न मिल्ने देखिएन।

९५.२ पालिकाले २०७९ पौष महिनामा राष्ट्रिय योजना आयोगमा पेश गरेको प्रस्तावमा आयोजनाको कूल लागत रु.४,०६,५०,०००।-हुने तथा प्रस्तावित कृषि तथा पशुपालन क्षेत्र प्रवर्धन व्यवसायीकरण तथा बजारीकरण गर्न सघन खाद्यान्न वालि उत्पादनमा बृद्धि, व्यवसायीक ताजा तरकारी उत्पादन कार्यक्रम, मसला वालीहरुको व्यवसायीक खेतीलाई प्रोत्साहन गर्न विशेष कार्यक्रम गर्ने, उपोष्ण तथा समशितोष्ण क्षेत्रमा उत्पादन हुने फलफूलहरुको प्रवर्धन तथा विकास, परम्परागत वालीहरुको प्रवर्धन, पशुहरुको नश्ल सुधार, पशु आहार व्यवस्थापन, गोठ व्यवस्थापन पशु स्वास्थ्य सेवामा सुधार गरी उत्पादकत्व र उत्पादनमा बृद्धि तथा मौरीपालन कार्यक्रम संचालन गर्ने उद्देश्य रहेको देखिन्छ । उल्लेखित उद्देश्यहरु पुरा गर्न उद्देश्यमूलक क्रियाकलापहरु निर्धारण गरी क्रियाकलापगत आर्थिक प्रस्ताव पेश गर्नुपर्नेमा सो विपरित निम्नानुसारका क्रियाकलापमा खर्च हुने गरी विशेष अनुदान माग गरेकोले प्राप्त अनुदान विशेष अनुदान कार्यविधिले निर्धारण गरेको क्षेत्रमा खर्च हुने देखिंदैन ।

सि नं	विवरण	प्रति युनिट लागत	लक्ष्य	कूल वजेट
१	Land purchase for agri product market center	१००००००	५ रोपनी	५००००००
२	Construction of market yard, stores and administrative building	३५०००००	१	३५०००००
३	Tools and equipment(weighing/ packaging/ sealing/ labelling	२००००००	१	२००००००
४	Office furniture furnishing and equipment	२००००००	१	२००००००
५	Seed money for products/agri inputs purchase and sales	५००००००	१	५००००००
६	Procurement of vehicles for collection and market delivery	३००००००	२	६००००००
७	Networking of cooperatives and orientation for marketing	२५००००	३	७५००००
८	Production and post-harvest training to cooperative members	४५००००	१०	४५०००००
९	Exposure visit for cooperative members/ Executives	७०००००	३	२१०००००
१०	Input support for cooperatives for cooperative for production	५००००००	१	५००००००
११	Capacity development training in marketing and post harvest	५०००००	३	१५०००००
१२	Miscellaneous	३०००००	१	३०००००
जम्मा				**४०६५००००**

९५.३ सहकारी संस्थाको लागि यस वर्ष प्राप्त १ करोड लाई कार्यपालिकाको वैठकले रकमगत रुपमा वाँडफाँड नगरी सावुन उत्पादनका सामग्री, अल्लो प्रशोधन सामग्री र माहुरीको घार खरीद लगायतका क्रियाकलाप गर्ने निर्णय अनुसार घरेलु तथा साना उद्योग कार्यालयले उपलव्ध गराएको दररेट अनुसार रु.६०६४१४८।९७को लागत अनुमान बनाई दरभाउपत्रबाट विभिन्न सामान खरीद गरेको तथा देहायअनुसारको कार्य गरी संघिय विशेष अनुदानको गो.भौ.नं.२९।२०८१।१२।२१ बाट रु.३८९९२७।-र गो.भौ.१०२।२०८२।३।२५ बाट रु.४६४७६५४।-गरी जम्मा रु.४९३७५८१।-भुक्तानी दिएको छ । सहकारीले बजेट माग गर्दा योजना आयोगमा पेश भएको प्रस्ताव पेश गरेको नपाईएकोले खर्च सम्वन्धमा तुलना गर्न सकिएन । अतः पालिकाले सम्झौता अनुसारको प्रस्तावको आधारमा खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

क्र.सं	निर्माण कार्यको नाम	संख्या	जम्मा रकम	गा.पा.अनुदान	सहकारीको योगदान
१	माछा पोखरी निर्माण	१	१३३३७१५	११३३६५८	२०००५७
२	गोला सहितको आधुनिक माहुरी घार	८२	८२००००	६१५०००	२०५०००
३	साबुन उद्योग ट्रस निर्माण कार्य	१	६७१६८६	५७०९३३	१००७५३
४	कलेक्सन सेण्टर ट्रस निर्माण	१	५८००९८	४९३०८३	८७०१५
५	बाख्राको खोर निर्माण	६	११६०८९४	७५४५८१	४०६३१३
६	अल्लो/साबुन कच्चा पदार्थ	१	५९४५००	४४५८७५	१४८६२५
७	कुखुरा फर्म निर्माण कार्य	६	८२२३४५	५३४५२४	२८७८२१
८	मेशिन राख्नको लागि टिनको टहरा निर्माण	१	४५८६८३	३८९९२७	६८७५७
जम्मा			**६४४१९२१**	**४९३७५८१**	**१५०४३४०**

९५.४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली नियमावली २०७७ को नियम १४ मा सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लागत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ ।सावुन उत्पादनका सामग्री, अल्लो प्रशोधन सामग्री खरिद गर्दा माग फारम पेश नभएको, कार्यालयले जिन्सी दाखिला गरी हस्तान्तरण नगरेको तथा सम्बन्धित सहकारीले पनि जिन्सी दाखिला गरेको प्रमाण पेश गरेको छैन। त्यस्तै खरिद भएका सामग्री प्रयोग गर्ने सम्बन्धमा कुनै कार्यविधि नवनेको, खरिद भएको सामग्रीको उपयोगको सुनिश्चितता नगरेको तथा प्राप्त अनुदान पहुँच प्रभावको आधारमा प्राप्त भएको देखिंदा अपेक्षित प्रतिफल प्राप्त हुने देखिंदैन। यस सम्बन्धमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ।

९५.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ मा सार्वजनिक निकायले खरीद कार्य गर्दा नियमावलीको प्रकृया पुरा गरी खरीद गर्नुपर्ने तथा दफा ७ मा ऐन बमोजिमको कार्यविधि पुरा गरी खरिद सम्बन्धी कार्य गर्ने, गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको प्रमुखको हुने उल्लेख छ ।उल्लेखित सहकारी संस्थाको विल भरपाई अनुसारको भुक्तानी पालिकाले गो.भौ.१०२।२०८२।३।२५ बाट रु.४६४७६५४।-दिएकोमा सोको परीक्षण गर्दा गोला सहितको आधुनिक माहुरी घार खरीदको लागि रु.८२००००।-भुक्तानी दएको पाईयो । सहकारी संस्थाले गोला सहितको आधुनिक माहुरी घार खरीदको लागि देहायका फर्महरूबाट दरभाऊपत्र माग गरेको देखिएकोमा प्रति घार रु.११००।-का दरले ८२ वटा घार आपूर्ति गर्नेगरी दरभाउपत्र पेशगर्ने फर्म नविन बहुउदेशिय कृषक तथा पशुपंछि फर्म वित्थडचिड-६ बाट खरीद नगरी प्रति घार रु.१००००।-का दरले ८२ वटा घार आपूर्ति गर्नेगरी दरभाउपत्र पेशगर्ने फर्म कालिका मौरीपालन तथा घार निर्माण उद्योग, केदारस्यू-४ बाट खरीद गरेको पाईयो । यसरी प्रति घार रु.८९००।-का दरले ८२ घारको हुने रु.७२९८००।-बढी रकम कवोल गर्ने फर्मको विल भरपाईको आधारमा पालिकाले भुक्तानी दिएको छ । उक्त रकमको पालिका योगदानको अंश ७५%ले हुन आउने रकम रु.५४७३५०।-सम्वन्धित सहकारी संस्थाबाट असूल हुनुपर्दछ, रु.

क्र.सं	फर्मको नाम	घार संख्या	कवोल अंक
१	नविन बहुउदेशिय कृषक तथा पशुपंछि फर्म वित्थडचिड-६	८२	११००
२	भण्डारी बहुउदेशिय कृषक तथा पशुपंछि फर्म, केदारस्यू-१	८२	१२००
३	कालिका मौरीपालन तथा घार निर्माण उद्योग, केदारस्यू-४	८२	१००००

असुल गर्नुपर्ने	५,४७,३५०

९५.६ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : थलारा गाउँपालिका, बझाङ , थलारा गाउँपालिका , बझाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	सिद्ध राज पण्डित	२०७८-१२-१	२०८१-०६-०६
कार्यालय प्रमुख	prayag raj padhya	२०८१-०६-०६	हाल सम्म कार्यरत
लेखा प्रमुख	दिपक राज पाण्डेय	२०७९-६-९	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,२३८,५८९.९	७,८८०,४७६	८,३२४,७४३	०	०	३९५,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१८,८३८,८०८.९
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					६,७९२,६९१.५
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१२,०४६,११७.४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२२९२७४७९.४८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४१३८४१७४२.२२	चालु खर्च	४१७६५९४६३.८९
प्रदेश सरकारबाट अनुदान	३३८१६०९१	पूँजीगत खर्च	१२०१४१३५८
राजश्व बाँडफाँट	७९४१९६८६.०१	वित्तीय/अन्य व्यवस्था	३१०९१११९
आन्तरिक आय	६८९८२४३.३९		
अन्य आय	२८९२४९०४		
कुल आय	५६२९००६६६.६२	कुल खर्च	५६८८९१९४०.८९
बाँकी मौज्दात		१६९३६२०५.२१	

अनुसूची - २

बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

आ.व. : २०८१/८२
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

		चालु आ.ब. को कारोबार		गत आ.ब. को कारोबार	
क्र.स./आर्थिक सङ्केत	विवरण	नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	८,१९,७६,३३१.०६	८,१९,७६,३३१.०६	७,२०,५२,५३१.७५	७,२०,५२,५३१.७५
१३०००	अनुदान	३२,०५,४४,५७१.६८	३२,०५,४४,५७१.६८	३१,८८,२३,०८४.६०	३१,८८,२३,०८४.६०
१४०००	अन्य राजस्व	३३,७९,८५३.३४	३३,७९,८५३.३४	१९,८१,६५९.२९	१९,८१,६५९.२९
१५०००	विविध प्राप्ति	२३,४९,९९७.००	२३,४९,९९७.००	२६,४००.००	२६,४००.००
क	**कुल जम्मा प्राप्ति**	४०,८२,५०,७५३.०८	४०,८२,५०,७५३.०८	३९,२८,८३,६७५.६४	३९,२८,८३,६७५.६४
३	चालु	२९,७५,३५,७६३.१०	२९,७५,३५,७६३.१०	३०,५७,३९,००३.२८	३०,५७,३९,००३.२८
२१०००	पारिश्रमिक / सुविधा	२०,३०,८९,३७३.१०	२०,३०,८९,३७३.१०	२०,३९,७७,२६३.२८	२०,३९,७७,२६३.२८
२२०००	मालसामान तथा सेवाको उपयोग	६,७७,८९,४७८.००	६,७७,८९,४७८.००	६,१९,२२,३८६.००	६,१९,२२,३८६.००
२५०००	सहायता (Subsidy)	१,७७,०१,९४६.००	१,७७,०१,९४६.००	३,१२,३०,१२७.००	३,१२,३०,१२७.००
२७०००	सामाजिक सुरक्षा	६७,६७,२६६.००	६७,६७,२६६.००	६३,३०,३६७.००	६३,३०,३६७.००
२८०००	अन्य खर्च	२१,८७,७००.००	२१,८७,७००.००	२२,७८,८६०.००	२२,७८,८६०.००
४	पूंजीगत	११,४५,४०,०४९.००	११,४५,४०,०४९.००	८,२५,४५,६०४.००	८,२५,४५,६०४.००
३१११०	भवन तथा संरचना	१,२५,७९,५४५.००	१,२५,७९,५४५.००	६४,७७,९२४.००	६४,७७,९२४.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	१,८३,०२,२७५.००	१,८३,०२,२७५.००	१७,७६,५२९.००	१७,७६,५२९.००
३११३०	अन्य पूँजीगत खर्च	५८,७७,८९०.००	५८,७७,८९०.००	२७,८७,८८४.००	२७,८७,८८४.००
३११४०	सुरक्षा उपकरण	२४,००,०००.००	२४,००,०००.००	०	०
३११५०	सार्वजनिक निर्माण	७,५२,८०,३३९.००	७,५२,८०,३३९.००	७,१५,०३,२६७.००	७,१५,०३,२६७.००
३११७०	पूँजीगत सुधार खर्च	१,००,०००.००	१,००,०००.००	०	०

ख)	**कुल जम्मा भुक्तानी**	४१,२०,७५,८१२.१०	४१,२०,७५,८१२.१०	३८,८२,८४,६०७.२८	३८,८२,८४,६०७.२८
ग)	**बचत /कमी**	(३८,२५,०५९.०२)	(३८,२५,०५९.०२)	४५,९९,०६८.३६	४५,९९,०६८.३६
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दात**	(२१,६६,२१५.२५)	(२१,६६,२१५.२५)	१७,०५,८३६.४८	१७,०५,८३६.४८
घ.१)	**कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी**			-२,१२४.००	-२,१२४.००
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात**	(५९,९१,२७४.२७)	(५९,९१,२७४.२७)	६३,०४,९०४.८४	६३,०४,९०४.८४
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**	२,२९,२७,४७९.४८	२,२९,२७,४७९.४८	१,६६,२०,४५०.६४	१,६६,२०,४५०.६४
छ)	**विनिमय नाफा/घाटा तथा अन्य समायोजन**				
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात**	१,६९,३६,२०५.२१	१,६९,३६,२०५.२१	२,२९,२५,३५५.४८	२,२९,२५,३५५.४८

सि.नं	**आयतर्फ**			**सि.नं**	**व्ययतर्फ**	
	विवरण	**रकम**			**विवरण**	**रकम**
१	सामाजिक सुरक्षा भत्ता वितरण	९३४३८०४१.९०		१	सामाजिक सुरक्षा भत्ता वितरण	९३४३८०४१.९०
२	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	८४५४६२.६०		२	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	८४५४६२.६०
३	उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक स्वरोजगार कार्यक्रम	४०३८८८९.७२		३	उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक स्वरोजगार कार्यक्रम	४०३८८८९.७२
४	घरेलु तथा साना उद्योग प्रवर्धन कार्यक्रम	३१००६२८.००		४	घरेलु तथा साना उद्योग प्रवर्धन कार्यक्रम	३१००६२८.००
जम्मा		**१०१४२३०२२.२२**			**जम्मा**	**१०१४२३०२२.२२**

बेरूजु दफा ३७ सँग सम्बन्धित विवरण - अनुसूची -४

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		२२९२७४७९.४८	चालु खर्च		२९७५३५७६३.१
१.संचित कोष	**१४५८३३७४.६९**		१. पालिका तर्फ	**११४६८७२४६.४२**	
२.धरौटी	**३८९०८७१.९९**		२. संघीय सशर्त	**१८२७२००१६.६८**	
३.कार्यसञ्चालन कोष	**४४५३२३२.८**		३. संघीय विशेष		
४. अन्य कोष			४. प्रदेश सशर्त	**१२८५००**	
यस वर्षको आय			५. प्रदेश विशेष		
१.आन्तरिक आय	**६८९८२४३.३९**	**६८९८२४३.३९**	पुँजीगत खर्च		११४५४००४९
२. वित्तीय हस्तान्तरण (संघ)		३९०३२००६१.२९	१. पालिका तर्फ	**८२५१५७१४**	
क) समानीकरण अनुदान	**९६०७२७२०**		२. संघीय सशर्त	**१०३३११८०**	
ख) राजस्व बाँडफाँट	**७७९०१३४१.२९**		३. संघीय विशेष	**५०३७५८१**	
ग) सशर्त अनुदान	**२०९७४६०००**		४. संघीय समपुरक		
घ) समपुरक अनुदान	**०**		५. प्रदेश सशर्त	**७२८०७३५**	
ङ) विशेष अनुदान	**६६०००००**		६. प्रदेश विशेष	**५७१४१३७**	
च) रोयल्टी			७. प्रदेश समपुरक	**३६६०७०२**	
छ) अन्य			अन्तर सरकारी अख्तियारी (संघ)		१०१४२३०२२.२२
३. वित्तीय हस्तान्तरण (प्रदेश)		३५३३४४३५.७२	क) सामाजिक सुरक्षा	**९३४३८०४१.९**	
क) समानीकरण अनुदान	**९५९९०००**		ख) घरेलु तथा साना उधोग प्रर्वद्धन केन्द्र	**३१००६२८**	
ख) राजस्व बाँडफाँट	**१५१८३४४.७२**		ग) उच्च पहाडि एवं हिमालि क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम	**४०३८८८९.७२**	
ग) सशर्त अनुदान	**१३४५४०००**		घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	**८४५४६२.६**	
घ) समपुरक अनुदान	**३६६०७०२**		ऋण फिर्ता(साँवा)		
ङ) विशेष अनुदान	**५७१४१३७**		**ऋणको ब्याज भुक्तानी**		

च) घर जग्गा रजिष्ट्रेसन	**१३८८२५२**		**धरौटी फिर्ता तथा सदर स्याहा**	**३५५२८०५**	**३५५२८०५**
छ) अन्य			**कार्यसञ्चालन कोषबाट भएको खर्च**	**२७५३८३१४.२५**	**२७५३८३१४.२५**
४. अन्तर सरकारी अख्तियारी (संघ)		१०१४२३०२२.२२	**अन्य कोषबाट भएको खर्च**		
क) सामाजिक सुरक्षा	**९३४३८०४१.९**		**गैरसरकारी संस्थाबाट सञ्चालित योजना**		
ख) घरेलु तथा साना उधोग प्रर्वद्धन केन्द्र	**३१००६२८**		**अन्य सहयोगमा सञ्चालित योजना**		
ग) उच्च पहाडि एवम हिमालि क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम	**४०३८८८९.७२**		**अन्य खर्च भएमा**		
घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	**८४५४६२.६**				
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			**अनुदान फिर्ता**		
६. ऋण/ वित्तीय व्यवस्था			१. संघ तर्फ		
७. धरौटी आय	**२९३९३५६**	२९३९३५६	क) सशर्त अनुदान	**१६६९४८०३.३२**	**१८२५७२२२.३२**
८. कार्यसञ्चालन कोष आय	**२५९८५५४८**	२५९८५५४८	ख) विशेष अनुदान	**१५६२४१९**	
९. अन्य कोषको आय			ग) समपुरक अनुदान	**०**	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			२. प्रदेश तर्फ		
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			क) सशर्त अनुदान	**६०४४७६५**	**६०४४७६५**
१२. अन्य आय भएमा			ख) विशेष अनुदान	**०**	
			ग) समपुरक अनुदान	**०**	
			अन्तिम मौज्दात		१६९३६२०५.२१
			१. संचित कोषको मौज्दात	**१०७५८३१५.६७**	
			२. धरौटी	**३२७७४२२.९९**	
			३. कार्यसञ्चालनकोष	**२९००४६६.५५**	

			४. अन्यकोष		
जम्मा		५८५८२८१४६.१	**जम्मा**		५८५८२८१४६.१

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- पालिकामा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण भएकोमा प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।